# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तेमाल गाउँपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तेमाल गाउँपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

तेमाल गाउँपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर, बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।२।१४

प.सं. २०८०।८१

च.नं. २०३

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,

तेमाल गाउँपालिका, तेमाल गाउँपालिका/गाउँ कार्यपालिकाको कार्यालय,

पोखरीनारायणस्थान काभ्रपलाञ्चोक ।

१. कैफियत सहितको राय — हामीले तेमाल गाउँपालिका आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ८० लाख ३४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ९६ लाख ९० हजारको प्रतिक्रिया प्राप्त सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ६१ लाख ९६ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ लाख **१७** हजार र नियमित गर्नुपर्ने रु. **१५** लाख **३१** हजार लाख हजार समेत रु ८३ लाख ४४ हजार रहेको छ ।तेमाल गाउँपालिकाको गतवर्ष सम्म रु.**१८** करोड **९९** लाख **२** हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.**१९** करोड ४२ लाख४६ हजार रहेको छ । तेमाल

गाउँपालिका को बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने तेमाल गाउँपालिका सँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तेमाल गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

तेमाल गाउँपालिका,

काभ्रेपलाञ्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५७ | ८९ | १८०३४ | ० | १८ | ९६९० | ५७ | ७१ | ८३४५ | ६१९६ | १५३१ | ६१७ | ० | ० | ८३४४ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| [1]काभ्रेपलाञ्चोक | १९०८१५ | ० | ९१३ | १८९९०२ | ० | ८३४४ | १९८२४६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० | १०.२ | असुल | १०००२ |
| २ | २०७९।८० | ११ | रोयल्टी | ८७८५१९८ |
| ३ | २०७९।८० | ३३ | पारिश्रमिक कर | १५००० |
| ४ | २०७९।८० | ४० | दोहोरो सुविधा | ८४००० |
| ५ | २०७९।८० | ६३ | ह्युम पाइप | ४५३४५ |
| ६ | २०७९।८० | ६४।१ | सक्कल बिल | ५८९५७७ |
| ७ | २०७९।८० | ६४।३ | प्रमाण | ९५००० |
| ८ | २०७९।८० | ६५।१ | सामाजिक परिक्षण | ४०००० |
| ९ | २०७९।८० | ७१।३ | स्वास्थ्य चौकी धारा मर्मत | ३४६७९ |
| | | | **कुल जम्मा** | ९६९८८०१ |
| गत विगतको | २०७८।७९ | ३० | कर समायोजन पत्र | ७६९९५७ |
| | २०७६।७७ | ७८ | सतिशा रसाईली सा सु भत्ता | ९६०० |
| | २०७६।७७ | ५३ | केदार ढकालको पारिश्रमिक कर | १३३३२ |
| | २०७६।७७ | ८५ | राजकुमार तामाङको बढी भत्ता | ५५८३६ |
| | २०७४।७५ | २२ | राजकुमार तामाङको बढी भुक्तानी | ६४८०० |
| **गत विगतको जम्मा** | | | | ९१३५२५ |
| **कुल जम्मा** | | | | १०६१२३२६ |

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपातिक समावेशी र न्यायोचित वितरणद्धारा कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप ३ तहको सरकार विचको सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा संघिय मामिला र स्थानीय विकास मन्त्रालयद्धारा स्थानीय तह लागु गरेपछि साविकका सस्यूखर्क,समरथली,बोल्देफेदिचे पोखरीनारायणस्थान,ठूलोपर्सेल,कुरुवावास,चापाखोरी र मेच्छेगाउँ गाउँविकास समिति मिलाएर गाउँपालिकाको स्थापना भएको हो। बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला स्थित १९००० जनसंख्या भएको यस गाउँपालिकामा ८९ वर्ग कि.मि. क्षेत्रफल र ९ वडा मा विभाजन गरिएको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९। २० देखि २०८०।९। २५सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७

तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय व्यय तथा सम्पत्ति तथा दायित्वको विस्तृत विवरण अनुसुची १ मा संलग्न छ ।**

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २८८९८८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर | २१७६ |
| २ | सामाजिक सुरक्षामा लगत कट्टा भएका लाभग्राहीलाई भुक्तानी भएको रकम | २८६८१२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ समपूरक अनुदान

नेपाल सरकार राष्ट्रिय योजना आयोगद्वारा जारी समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६ मा समपूरक अनुदानका लागि छनौट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि निजी क्षेत्रसमेतको साझेदारी भएको अवस्थामा बाहेक स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । पालिकाले निम्न आयोजनामा खर्च गर्दा कुल खर्चको ५० प्रतिशत भन्दा बढी अंश संघ श्रोतबाट खर्च गरेको रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला हुनुपर्ने रु

| आयोजना | जम्मा खर्च | प्रदेशले व्यहोरेको रकम | पालिकाले व्यहोरेको रकम | फिर्ता गर्नुपर्ने रकम | फिर्ता गर्नुपर्ने निकाय |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| तेमाल प्रस्तावित रंगशाला, चापाखोरी, तेमाल वडा नं ७ | १२२४४९७४ | ८७६७००० | ३४७७९७४ | २६४४५१३ | संघ सरकार |
| तामाङ संग्राहालय व्यवस्थापन कार्यक्रम | १४४०५५१३।०० | ७२०२७५६।५० | ९८९९००० | २६९६२४४ | प्रदेश सरकार |
| जम्मा | | | | | ५४४०७५७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,४०,७५७ |

## ३ बैक हिसाब मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण अनुसुचि २४ बमोजिम श्रेस्ता र बैंङ्कमा निम्नानुसार फरक देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००००१२०२ | ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | २२,१७,३०६.६९ |
| सिटिजन बैंक | ०७१०१००००००००२२०२ | ग १.२, बाँडफाँडबाट प्राप्त | ०.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| इन्टरनेस्नल लि. | | राजस्व खाता | | |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००००३२०२ | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००००८२०२ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ७३,३६,८८०.०८ |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००००९२०२ | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | १,७८,५७,०३५.६१ |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००००५२०२ | ग २.७, विविध खर्च खाता | १०,५५,३४५.३० | १०,५५,३४५.८० |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००००३२०१ | ग ३.१, स्धानीय तह धरौटी खाता | ५१,६४,०९५.११ | ५१,६४,०९५.११ |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००००४२०१ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३,६४,९०,३५५.०२ | ९०,७१,७९२.६५ |
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१०००००२९३२०१ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| सिटिजन बैंक इन्टरनेस्नल लि. | ०७१०१००००००३८८२०१ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५६,४३५.४५ | ५६,४३५.४५ |
| <u>बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]</u> | | | २,६७,२३,९२६.१४ | |
| जम्मा | | | ६,९४,९०,१५७.०२ | ४,२७,५८,८९१.३९ |

## ४ वित्तीय प्रतिवेदन

४.१ - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५६,०४,२९,२३७.०० | ४९,०४,२०,२११.१४ | | ४९,०४,२०,२११.१४ | ४५,९२,०५,५०५.८७ | | ४५,९२,०५,५०५.८७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५४,७४,७९,२६०.०० | ४६,५५,५३,००१.११ | ०.०० | ४६,५५,५३,००१.११ | ४५,५६,८५,१६३.८७ | ०.०० | ४५,५६,८५,१६३.८७ |
| ११००० कर | ११ | १२,५३,१२,७५३.०० | ९,६८,७२,२६७.१० | ०.०० | ९,६८,७२,२६७.१० | ८,९७,३७,२८३.८७ | ०.०० | ८,९७,३७,२८३.८७ |
| १३००० अनुदान | | ३९,०८,६६,०००.०० | ३५,५०,३५,६४२.७८ | ०.०० | ३५,५०,३५,६४२.७८ | ३५,५९,१२,२७९.०० | ०.०० | ३५,५९,१२,२७९.०० |
| संघीय सरकार | १२ | ३४,०३,९९,०००.०० | ३०,४६,५०,६४२.७८ | ०.०० | ३०,४६,५०,६४२.७८ | ३३,०६,८४,०००.०० | ०.०० | ३३,०६,८४,०००.०० |
| प्रदेश सरकार | १२ | ५,०४,६७,०००.०० | ५,०३,८५,०००.०० | ०.०० | ५,०३,८५,०००.०० | २,५२,२८,२७९.०० | ०.०० | २,५२,२८,२७९.०० |
| १४००० अन्य राजस्व | | ३२,००,०००.०० | १,३४,८७,८७४.२३ | ०.०० | १,३४,८७,८७४.२३ | ७५,२९,१८१.०० | ०.०० | ७५,२९,१८१.०० |
| १५००० विविध प्राप्ति | | ५,००,०००.०० | १,५७,२१७.०० | ०.०० | १,५७,२१७.०० | २५,०६,४२०.०० | ०.०० | २५,०६,४२०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | २,७६,००,५०७.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | १,२९,४९,९७७.०० | २,४८,६७,२१०.०३ | | २,४८,६७,२१०.०३ | ३५,२०,३४२.०० | | ३५,२०,३४२.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | १२,८१,९७०.०० | ०.०० | १२,८१,९७०.०० |
| कोषहरु | | १,२९,४९,९७७.०० | १,२९,२९,१७६.९२ | ०.०० | १,२९,२९,१७६.९२ | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | १,१९,३८,०३३.११ | ०.०० | १,१९,३८,०३३.११ | २२,३८,३७२.०० | ०.०० | २२,३८,३७२.०० |
| संघीय, प्रदेश सरकार वा | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्य कार्यक्रम | | | | | | | | |
| भुक्तानी (ग+घ) | | ५६,०४,२९,२३७.०० | ४७,६१,६३,१५३.६४ | | ४७,६१,६३,१५३.६४ | ४६,१५,६७,७३०.९४ | | ४६,१५,६७,७३०.९४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४,७४,७९,२६०.०० | ४५,६७,४५,३३०.०९ | | ४५,६७,४५,३३०.०९ | ४४,५५,८९,७२७.८६ | | ४४,५५,८९,७२७.८६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २१,७०,७७,०००.०० | १९,७०,११,७९४.४४ | ०.०० | १९,७०,११,७९४.४४ | १८,३१,३५,७४४.५० | ०.०० | १८,३१,३५,७४४.५० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,५३,२८,९६०.०० | ९,५४,६८,६०१.२६ | ०.०० | ९,५४,६८,६०१.२६ | ९,२६,९५,२२६.३६ | ०.०० | ९,२६,९५,२२६.३६ |
| २५००० सहायता (Subsidy) | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | २३,०९,०००.०० | ०.०० | २३,०९,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७२,०५,०००.०० | ६३,८०,५३०.०० | ०.०० | ६३,८०,५३०.०० | ८३,२६,५४६.०० | ०.०० | ८३,२६,५४६.०० |
| २८००० अन्य खर्च | १८ | ५,००,०००.०० | १,७६,३००.०० | ०.०० | १,७६,३००.०० | ३७,६०,८९५.०० | ०.०० | ३७,६०,८९५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,७३,६८,३००.०० | १५,७७,०८,१०४.३९ | ०.०० | १५,७७,०८,१०४.३९ | १५,५३,६२,३१६.०० | ०.०० | १५,५३,६२,३१६.०० |
| घ. अन्य भूक्तानी | | १,२९,४९,९७७.०० | १,९४,१७,८२३.५५ | | १,९४,१७,८२३.५५ | ४६,१५,६७,७३०.९४ | | ४६,१५,६७,७३०.९४ |
| कोषहरु | | १,२९,४९,९७७.०० | ८२,६१,८७५.५५ | ०.०० | ८२,६१,८७५.५५ | १,४३,८८,६७९.७८ | ०.०० | १,४३,८८,६७९.७८ |
| धरौटी | | ०.०० | १,१२,९१,३६१.०० | ०.०० | १,१२,९१,३६१.०० | १५,८९,३२३.३० | ०.०० | १५,८९,३२३.३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,३५,४१३.००) | | (१,३५,४१३.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | १,४२,५७,०५७.५० | | १,४२,५७,०५७.५० | (२३,६२,२२५.०७) | | (२३,६२,२२५.०७) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,११,३२,२७६.४४ | | ६,११,३२,२७६.४४ | ६,९३,६७,३७१.५२ | | ६,९३,६७,३७१.५२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ७,५३,८९,३३३.९४ | | ७,५३,८९,३३३.९४ | ६,७०,०५,१४६.४५ | | ६,७०,०५,१४६.४५ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ६,९४,९०,१५७.०२ | | ६,९४,९०,१५७.०२ | ४,६८,१४,५१४.१५ | | ४,६८,१४,५१४.१५ |

उल्लेखित वित्तीय विवरणमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन।

| **सि नं** | **विवरण** | **निकासा खर्च हजारमा** |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२६९३६८४०।०० |
| | **जम्मा** | १२६९३६८४०।०० |

४. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा
२ रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा

प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. करोड लाख हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु लाख हजार र एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु लाख हजार समेत गरी रु करोड लाख हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ५ फरक हिसाब

५.१ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२ करोड ९० लाख १४ हजार , यस वर्षको प्राप्तिमा रु १४ करोड ७५ लाख १६ हजार ,यस वर्षको भुक्तानीमा रु.१५करोड १२ लाख ५३ हजार र बैङ्क मौज्दातमा रु.३ करोड २७ लाख ५२ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६११३२२७६।४४ | ४९०४२०२११।१४ | ४७६१६३१५३।६४ | ७५३८९३३३।९४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३२११७४२३।०० | ६३७९३६६७५।७८ | ६२७४१७०८५।८६ | ४२६३७०१२।९२ |
| फरक | २९०१४८५३।४४ | १४७५१६४६४।६४ | १५१२५३९३२।२२ | ३२७५२३२१।०२ |

५.२ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३ करोड ४९ लाख ६४ हजार मौज्दात रहेकोमा यो वर्ष रु.६ करोड ११ लाख ३२ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२ करोड ६१ लाख ६७ हजार बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

## ६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।३।१० गते रु. ५४७४७९२६० रको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/०३/१५ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

---

## ७ बजेट विनियोजन

बजेट विनियोजन- आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ५४७४७९२६० | ३५,०१,१०,९६०।- | ६३% | १९,७३,६८,३०० | ३७% |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ५४७४७९२६० बजेट विनियोजन भएकोमा चालु तर्फ ६३% प्रतिशत र पूँजीगत तर्फ ३७ प्रतिशत बजेट विनियोजन भएको छ

---

## ८ बजेट तथा पूँजीगत खर्च

नगरपालिका/गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | १९,७३,६८,३०० | १५,७७,०८,१०४.३९ | ७९% |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु १९,७३,६८,३०० विनियोजन गरेकोमा रु १५,७७,०८,१०४.३९ खर्च गरेको छ जुन ७९% प्रतिशत मात्र हुनआउँछ ।

---

## ९ रकमान्तर

पालिकाको नगरसभाको अधिवेशन मार्फत पालिकाको विनियोजन ऐन २०७९ को अनुसुचीमा समावेश भएका योजना तथा कार्यक्रम संशोधन गर्ने गरी रु ४३७३८८४० बराबरको रकमान्तर गरेको छ । यसमा केही योजनाको ठेक्का रकमबाट बचेको रकमलाई साना कार्यक्रम बनाई योजना कायम गरिएको छ । यसले गर्दा न्युन रकमका टुक्रे कार्यक्रमको संख्या उल्लेख्य रुपमा बढेको देखिन्छ । यसरी आर्थिक वर्षको आधा अवधि भुक्तान भईसके पश्चात बनेका कार्यक्रमहरु पर्याप्त योजना र तयारीको अभावमा दीगो नहुने र बजेट खर्च बढेको देखिए पनि नीति तथा योजना, मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाले परिकल्पना गरे भन्दा फरक प्रवृत्तिमा खर्च हुनाले अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न नसकिने हुँदा यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

## १० कर संकलन

१०.१ स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । सुत्र सफ्टवयेर अनुसार पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | २०००००. | ५२,८००.०० | २६.४ |
| ११३१४ भुमिकर/मालपोत | २००००००. | २३१०२०३.८५ | ११५.५१ |
| ११३२१ वहाल कर | १०००००. | ७५५०९१.५४ | ७५५.०९ |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०००००. | ४५८२४५. | ९१.६५ |
| ११६९१ अन्य कर | १९७१५७५३. | ९७८०२३७.१३ | ४९.६१ |
| १४१९१ पर्यटन शुल्क | १०००००. | ० | ० |
| १४२४३ सिफारिश दस्तुर | ६०००००. | ११५७२३७.३३ | १९२.८७ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६०००००. | ६२६९००. | १०४.४८ |
| १४२४५ नाता प्रमाणित दस्तुर | १०००००. | १९३२००. | १९३.२ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८०००००. | ४७,७६०.०० | ५.९७ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००००. | ० | ० |
| १४६११ व्यवसाय कर | ५०००००. | १२४२९९.९ | २४.८६ |
| १५१११ बेरूजू | ५०००००. | १५७२१७. | ३१.४४ |
| जम्मा | २६२१५७५३. | १५६६३१९१.७५ | ५९.७५ |

आय संकलनका सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् : उपरोक्त विवरण अनुसार शिर्षकगत रुपमा विश्लेषण गर्दा पालिकाले यस वर्ष अनुमानको तुलनामा सवैभन्दा वढि वहाल करमा ७५५।०९ प्रतिशत र सवैभन्दा कम व्यवसाय रजिष्ट्रेशन दस्तुरमा ५९।७५ संकलन गरेको देखिन्छ । यसवाट

आय अनुमान गर्ने आधार तथ्याकंपरक र यथार्थपरक रहेको देखिएन । अतः पालिकाले गत विगत वर्षको तथ्याकं, नयाँ तथा ठुला करदाताको पहिचान गर्दै तिनिहरुलाई पनि करको दायरामा ल्याई करदाता अभिलेख अद्यावधिक गरी चालु आर्थिक वर्षमा प्राप्त गर्न सकिने आयको यथार्थपरक अनुमान गर्दै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरीक आयको हिस्सा वढाउने तर्फ ध्यान दिनुपर्दछ । · पालिकामा राजश्व संकलनको रसिद नियन्त्रण खाताको व्यवस्था गरेता पनि खातामा रसिदको व्यवस्थित ढंगले अद्यावधिक विवरण राखेको पाइएन जसबाट कति रसिद छापियो कति वितरण भयो कति फिर्ता भै वांकि छन भनि यकिन गर्न सकिएन ।अत पालिकाले रसिद नियन्त्रण खातामा रसिदको आम्दनी तथा खर्चको व्यवस्थित अभिलेख राखि आय संकलन, लेखाकंन तथा प्रतिवेदन प्रणालीलाई थप पारदर्शि तथा सुदृढ गरी आय व्यवस्थापन प्रभावकारी वनाउनु पर्दछ । · पालिका तथा वडावाट संकलित राजश्व नियमानुसार समयमा नै दाखिला गर्नुपर्नेमा एक महिना देखि ४_Y५ महिना सम्मको एकमुष्ट दाखिला गरेको समेत पाइयो अत नियममा भएको व्यवस्था वमोजिम समयमा नै दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ ।

---

१०
.२

*........... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाणका आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रकम रु १००० सम्परीक्षण गरिएको ।)*

## ११ रोयल्टी

- *........... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा सैद्धान्तिक व्यहोरा कायम गर्नुपर्नेमा भूलवश असुल भएको हुँदा सैद्धान्तिक व्यहोरा कायम गर्ने गरी मिति २०८०।१२।१६ को निर्णयबाट रकम रु ८७८५१९८ सम्परीक्षण गरिएको ।)*

---

## १२ आन्तरिकआय र खर्चको विश्लेषण

आन्तरिकआय र खर्चको विश्लेषण - पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | खर्चको तुलनामा आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | १५६६३१९१.७५ | ४७६१६३१५३.६४ | ३.२८ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ४७६१६३१५३.६४ रहेको छ भने राजश्व संकलन १५६६३१९१.७५ गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको तुलनामा ३.२८ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ

## १३ बोधिचित्त माला

तेमाल आर्थिक ऐन,२०७९ अनुसार बोधिचित्त मालाको सिफारीस दस्तुर प्रतिकेजि २५ र बोधिचित्त माला निकासी कर मुल्यको १.५ प्रतिशत लिने व्यवस्था गरेको पाइए पनि प्राय सिफारिस दस्तुरमात्र लिने गरेको पाइयो । बोधिचित्त मालाको परिणाम वा गुणस्तरको आधारमा नभै स्वघोषणा वा निवेदनका आधारमा शुल्क लिने गरेको देखियो । आन्तरीक आयको राम्रो स्रोत हुन सक्ने देखिएको बोधिचित्तको विक्रि वितरणलाई थप व्यवस्थित गर्न सके पालिकाको आन्तरीक आयमा उल्लेखनिय वृद्धि हुन सक्ने देखिन्छ । अत वुद्धचित्तको फलदानाको विक्रि वितरणलाई व्यवस्थित वनाउन उचित मापदण्ड बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## १४ दहत्तर वहत्तर संकलन

पालिकाको आ.व ०७९।०८० का लागि ढुङ्गा,गिट्टि, बालुवा,ग्रावेल, माटो तथा खानीजन्य वस्तु आदिको विक्रि तथा निकासी शुल्क दस्तुर संकलन सम्वन्धमा देखिएका केहि व्यहोरा निम्न छन · मिति २०७९।०३।२६ मा प्रथम पटक सुचना प्रकाशन गरी सुनकोशी क्षेत्र (ठेक्का नं NCB/TRM/Kavre/IR/01/079-80) र रोशी क्षेत्र (ठेक्का नं NCB/TRM/Kavre/IR/02/079-80) मा वोलपत्र आव्हान गरेकोमा कुनै पनि वोलपत्र पेश नभएकोले मिति २०७९।०५।०५ मा पुन दोस्रो पटक सुचना प्रकाशन गर्दा ठेक्का १ सुनकोशी क्षेत्रमा हेर्जेन दोर्जे विल्डर्स प्रा लिको रु८४८६३००।०० मा ठेक्का स्विकृत भएको मिति ०७९।०५।२० को मुल्यांकंन समितिले निर्णय गरेको छ भने ठेक्का २ रोशी क्षेत्रमा कुनैपनी ठेक्का नपरेको जानकारी पालिकालाई गराउने निर्णय गरेको छ । तत पश्चात ठेक्का नं २ मा पुन ठेक्का लगाएको पाइएन । · ढुङ्गा, गिट्टि मापदण्ड,२०७७ अनुसार नदिजन्य तथा खानिजन्य पदार्थको उत्खनन्,संकलन तथा विक्रि गर्नुपुर्व उक्त क्षेत्रको प्रारम्भिक वातावरणीय परिक्षण गरि सो को आधारमा उत्खनन,संकलन तथा विक्रि गर्नुपर्दछ । पालिकाको मिति २०७९।०४।१५ गतेको मुल्यांकन समितिको निर्णयानुसार सुनकोशी क्षेत्र (ठेक्का नं NCB/TRM/Kavre/cs/01/079-80) र रोशी क्षेत्र (ठेक्का नं NCB/TRM/Kavre/cs/02/079-80) मा ढुङ्गा,गिट्टि, बालुवा,ग्रावेल,रोडाको उत्खनन प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण IEE गर्नका लागि परामर्श सेवा खरीदको लागि मुल्यांकन वमोजिम शुनकोशी क्षेत्र चुखावेशी वगर (ठेक्का नं NCB/TRM/Kavre/cs/01/079-80) का लागि प्लाटफर्म इन्जिनियरीङ्ग कन्स्ट्रक्सन एण्ड कन्स्ल्टेन्शीको प्रस्ताव स्वीकार गरी कार्यदिश दिएकोमा उक्त IEE जिल्ला समन्वय समितिवाट २०८०।०३।२४ मा स्विकृत भइ गौ.भौ ४०९।०८०।३।२४ वाट कन्सल्टेन्सीलाई भुक्तानी दिएको देखिन्छ । यसरी IEE आ.व को अन्तमा प्राप्त भएको तर ढुङ्गा,गिट्टि, बालुवा,ग्रावेल,रोडाको उत्खनन,संकलन तथा विक्रिको ठेक्का पहिले लागेको देखिएको हुनाले ठेक्का अंक

कसरी तोकियो र ठेक्का कुन आधारमा लगाइयो यकिन गर्न सकिएन । ढुँङ्गा,गिट्टी मापदण्ड २०७७ को दफा ९ मा नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री सम्वन्धि प्रकियाको अनुगमन सम्बन्धि व्यवस्था बमोजिम चेक लिष्ट तयार गरी नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै गरेर प्रत्येक वर्ष वर्षायाम सकिएपछि थुप्रिएको ढुंगा,गिट्टी,वालुवाको परिणाम नापजाचँ अभिलेख राख्ने तथा ठेक्का सम्झौतामा उल्लेख भएको परिमाण, स्थान आदिको नियमित अनुगमन गर्नुपर्ने उल्लेख भएता पनि पालिकाले सो वमोजिम गरेको पाइएन । अत नियममा भएको व्यवस्था वमोजिम वातावरणीय अवस्थाका सम्वन्धमा चेक लिष्ट तयार गरी नियमित अनुगमन गर्नुपर्दछ ।

## १५ कानुन निर्माण

कानुन निर्माण — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| **सि.नं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १. | ऐन | ७ |
| २. | नियमावली | २ |
| ३. | कार्यविधि तथा निर्देशिका | ११ |
| ४. | नीति | १ |
| | **जम्मा** | २१ |

## १६ न्यायीक समिति

न्यायीक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेकोछ ।

| **गत वर्षबाट सरेका विवाद** | **यस वर्ष दर्ता भएको** | **जम्मा** | **फछ्र्यौट/कारवाही भएका विवाद** | **फछ्र्यौट/कारवाही हुन बाँकी विवाद** |
|---|---|---|---|---|
| ४ | १७ | २१ | १० | ११ |

## १७ सामाजिक सुरक्षा तर्फ

१७.१ आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| क स | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु |
|---|---|---|---|---|
| | **करिव १९०००** | ३१३४ | **१६.५३** | **१२६७१४४३०** |

१७.२ सामाजिक सुरक्षा वितरण नियमावली २०७७ मा प्रत्येक आर्थिक वर्षमा लाभ ग्राहीको विवरण अद्यावधिक गर्ने र तिनै लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ साथै बैकिङ प्रणालीमा बर्ष भरीमा एक पटक पनि बैकिङ कारोबार नगरी सिटिजन बैक लिमिटेड तेमाल शाखामा १५ वटा खाता निष्कृय रहेको देखिएकोले त्यस सम्बन्धमा पालिकाको पञ्जिकरण शाखाले मुत्यु भएको लगत कट्टा भएको वा दोहोरो परेको के कारण ले निष्कृय रहेको हो सो विषयमा एकिन गरी उक्त खाताहरुमा रहेको रकम एकिन गरी लाभग्राहीले पाउने पैसा उनिहरुलाई नै भुक्तान गरी बाँकी रकम संघिय सचित कोषमा दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७८,४४५ |

## १८ अन्य सामाजिक सहायता

अन्य सामाजिक सहायता — पालिकाले यस वर्ष अन्य सामाजिक सहायता अन्तगत विपद, विपन्नलाई औषधी उपचार लगायतका शीर्षकमा यस वर्ष रु १६०००० आर्थिक सहायता वितरण गरेको छ ।

## १९ त्रैमासिक पूँजीगत खर्च

त्रैमासिक पूँजीगत खर्च - आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने

व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि. नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २७,७९,३९० | ३०००००० | ०० | ०० | २४,७९,३९०. | १,७३,८९० |
| २ | प्रदेश पूँजीगत | ३,६८,९४,२७३ | ०० | ०० | ३५,८३,६२०.०० | ३,३३,१०,६५३ | १,२९,१७,४३७. |
| ३ | गाउँपालिका पूँजीगत | ११,८०,३४,४४१.३९ | १४,६४,५४० | ६५,०४,९०६ | ३,७२,४१,६३२.६९ | ७,२८,२३,३६२.७ | ४,०१,५६,३८९ |
| | कूल खर्च | १५,७७,०८,१०४.३९ | १७६४५४० | ६५०४९०६ | ४०८२५२५२.६९ | १०,८६,१३,४०५.७० | ५,३२,४७,७१६ |
| | खर्च प्रतिशत | १०० | १.११ | ४.१३ | २५.८९ | ६८.८७ | ३३.७६ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ६८.८७ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३३.७६ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

## २० योजना छनौट तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १८ | १६००००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १७६ | ३६५०००००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ५२ | २०८०००००० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | २३ | २८४०००००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ५ | १०५०००००० |

| | | | |
|---|---|---|---|
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | १८ | ८८३७६००० |
| | **जम्मा** | | |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ

## २१ क्षेत्रगत बजेट र खर्च

क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | ८४५०८८४० | ६१५००००० | ७३ |
| सिंचाई | २०००००० | १९००००० | ९५ |
| खानेपानी | ३५००००० | ३२५०००० | ९२ |
| भवन निर्माण | ८०००००० | ७५००००० | ९३ |

## २२ तलबी प्रतिवेदन

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी कर्मचारीलाई रु. १८२१३२०५९ तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

## २३ स्वीकृत दरबन्दी र पदपूर्ति

पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | सख्या | पदपूर्ती | | ज्यालादारी | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | | - | - |
| २ | लेखा अधिकृत | १ | १ | | - | - |
| ३ | शिक्षा अधिकृत | १ | १ | | - | - |
| ४ | प्रशासन अधिकृत | २ | ० | | - | - |
| ५ | इन्जिनियर | १ | १ | | - | - |
| ६ | आन्तरिकलेखापरिक्षक | १ | १ | | - | - |
| ७ | सहायक पाचौ प्रशासन | ८ | ३ | | - | - |
| ८ | लेखा सहायक पाचौ | १ | ० | | - | - |
| 9 | कम्प्युटर अपरेटर | १ | ० | १ | - | - |
| 10 | प्रा.स. शिक्षा | १ | १ | | - | - |
| 11 | सब-इन्जिनियर | ५ | २ | २ | - | - |
| 12 | अ.सब-इन्जिनियर | ६ | ४ | १ | - | - |
| 13 | खा.पा.स.टे. | १ | ० | | - | - |
| 14 | स.महिला विकास निरिक्षण | १ | १ | | - | - |
| 15 | सहायक चौथो प्रशासन | ५ | ० | | - | - |
| **जम्मा** | | ३६ | | | | |

## २४ करारका कर्मचारीलाई महंगि भत्ता

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१।१९ को निर्णय अनुसार सवै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन १८।२०७३।४७ चलानी नं २१७ मिति २०७४।१।२५ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता पाउने उल्लेख गरेको देखिदैन।पालिकाले करार कर्मचारीहरु लाई मसिक रुपमा २००० का दरले २९ जना कर्मचारिदाई १२ महिना को जम्मा रकम रु

६९६०००।०० भुक्तानी गरेको देखियो।यसरी निर्देशिका विपरितको नियममा उल्लेख नभएको महंगी भत्ता सुविधा भुक्तानी नियमसम्मत नदेखिएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | ६,९६,००० |

## २५ सेवा प्रवाह

पालिकाले यस वर्ष उल्लेखित विषयमा २१३३ जनालाई सेवा प्रवाह गरेको छ ।

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | १०९७ |
| मृत्युदर्ता | २४५ |
| बसाईसराई दर्ता | ५६ |
| विवाह दर्ता | ५६४ |
| सम्बन्धविच्छेद दर्ता | ३९ |

## २६ धरौट्टी कट्टी

गौ.भौ.नं११८।०७९।११।३० वाट पुर्वाधार शाखालाई आवश्यक सामाग्री खरिदमा आर.एस.डी कन्सर्न प्रा.लि लाई रु७७७४४०।०० भुक्तानी भएकोमा सम्झौता (SCC) बमोजिमको धरौटी वापत ५ प्रतिशत कट्टी नगरी भुक्तानी दिएको नियम संगत नदेखिएको रु ३४४००

## २७ मौज्दात

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु ४२४१२१७७.१७ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सदैं गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## २८ सहभागि यातायात

कार्यसंचालन निर्देशिका,२०७७ मा सहभागीको आतेजाते यातायात खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा बस बापतको न्युनतम भाडा पाउने र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी २ दिन सम्मको लागि एकमुस्ट रु २००। र सो भन्दा बढी जतिसुकै दिन भएपनि रु ५००।एकमुस्ट पाउने व्यबस्था उल्लेख छ ।पालिकाले विभिन्न कार्यक्रम संचालनमा सहभागीको यातायात खर्च कार्यक्रम अवधिको दैनिक रुपमा कार्यक्रम पिच्छे फरक फरक दरमा भुक्तानी गरेको देखियो।कार्यक्रम अवधिमा एकचोटी मात्र तोकिएको दरमा खर्च भुक्तानी गर्नु पर्नेमा निर्देशिका विपरित रु ५०० र रु १००० भुक्तानी भएको रकम मितव्ययि देखिएन।

## २९ काममा दोहोरोपना

आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानिय तहमा कार्यान्वयन गरिने योजनाको पहिचान, वर्गीकरण, छनौट तथा प्राथमिकीकरण गरी योजनाको स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले योजना छनौट गर्दाखेरी विकास आयोजनाको वजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकिय उपर्युक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने र जिल्ला स्तरीय आयोजना अनुसुची ३ मा उल्लेख भए बमोजिम स्वीकृत गरी कार्यन्वयन गर्नुको लागि विस्तृत सर्वेक्षण ड्रोईङ्ग, डिजाईन, लागत अनुमान र सो अनुसार बार्षिक कार्यक्रम निश्चित गरि बार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। कार्यक्रम सञ्चालन गर्ने निकाय बिच समन्वय नहुँदा एउटै स्थानमा एक भन्दा बढी निकायबाट कार्यक्रम सञ्चालन हुन सक्ने अवस्था रहन्छ। यसका लागि स्पष्ट रुपमा कार्यविभाजन गरी काममा हुनसक्ने दोहोरोपनालाई नियन्त्रण गरिनु पर्दछ।

## ३० सवारि साधन तथा इन्धन

सवारी साधन मर्मत संभार शिर्षकमा यस आ व मा रु १९ लाख वजेट विनियोजन भएकोमा रु १९ लाख नै खर्च भएको देखिन्छ सवारी साधनको मर्मतमा रु १८ लाख विनियोजन भएकोमा पुरै रकम खर्च भएको र कन्टेन्जेन्सी बाट मर्मत मा रु २०१३७० र इन्धनमा रु २०४४१९ खर्च भएको देखिएको छ। व्यवस्थित रुपमा मर्मत अभिलेख तथा सवारी साधनको लागि आवश्यक पर्ने इन्धनमा इन्धनको लग बुक समेत राखेको देखिदैन यस तर्फ पालिकाले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली मार्फत यस्ता कुरालाई नियन्त्रणगरि वित्तिय सुशासन कायम गर्नुेतर्फ ध्यान जानु जरुरी देखिन्छ साथै यस वाहेक विभिन्न योजनाहरुको कन्टेन्जेन्सीवाट तथा वडाको प्रशासनिक खर्चबाट पनि इन्धन तथा मर्मतमा खर्च गरेको देखिन्छ । नियमानुसार कन्टेन्जेन्सी खर्चलाई व्यवस्थित गर्न अद्यावधिक अभिलेख राखेको देखिदैंन ।

## ३१ भ्रमण खर्च तथा अनुगमन

भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च गर्नुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष पालिकाले उपलव्ध गराएको विवरण अनुसार रु अनगमन मूल्याङकन भ्रमण खर्च र ,अन्य भ्रमण खर्च वापत जम्मा रु २३७६४०५ र कन्टिन्जेन्सिबाट दैनिक भ्रमण खर्च वापत १११२३१६खर्च गरेको देखिएको छ । ।भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही भौचर नमूना परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन्। · अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन । · नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन । · भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ । · कार्यालय भन्दा बाहिरका अन्य व्यक्तिलाई समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखियो।यस्तो प्रकारको परिपाटीमा नियन्त्रण हुनु पर्दछ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थालाई नियन्त्रण गर्ने तर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

---

## ३२ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ । नगरपालिकाको आन्तरिक नियन्त्रण पद्दतिका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ —

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको पालिका प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुचि ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्बन्धित निकायमा पेश गरेको प्रमाण उपलब्ध भएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालिनखर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम तयार गरेको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्ववस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन .

• पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनि बहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।

• पालिकाले जिन्सी सामानको विवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।

• योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास

समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।

• नगदी रसिद नियन्त्रण प्रणाली व्यवस्थित रुपमा अवलम्वन गरेको देखिएन ।

• अधुरा आयोजनाको समिक्षागरी उपलव्धि मापन गरेको देखिएन । यसबाट अधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।

• ऐनको दफा ३२ अनुसार वित्तिय जोखिम कम गर्न र वित्तिय विवरणलाई विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण समिति सुदृढ हुनपर्नेमा आन्तरिक नियन्त्रण समिति पूर्णता निष्कृय रहेको देखिन्छ ।

• वित्तिय व्यवस्थापन रणनीति खाका तयार गरी त्यसका मुख्य सुचक तयार गरी उपलब्धीहरुको मापन गर्नुपर्नेमा सो बमोजिम सुचक नै तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निमायले आपूर्ती गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानिय तहले निर्माण व्यवसायि तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण गरेको पाइएन ।

• सार्वजनिक खरिद ऐन २०६३ मा बिस लाख भन्दा माथिको निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले सो कार्य गरेको पाइएन ।

• भ्रमण खर्च नियमावली २०६४ अनुसार पालिकाले भ्रमण काजमा खटाउदा भ्रमण अभिलेख राख्नुपर्नेमा उक्त कार्य गरेको पाइएन,साथै भ्रमण पश्चात भ्रमण प्रतिवेदन तयार गरेको देखिएन ।

• दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।

• संस्थागत विद्यालयहरुको दर्ता,नविकरण,शूल्क निर्धारण,अनिवार्य निशूल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन ।

• संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणली IEMIS अद्यावधिक गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्यान्वयन अवस्था संग आवद्द गरेको देखिएन ।

• संघिय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रम सञ्चालनको क्रममा अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ को पूर्णरुपमा पालना भएको पाइएन ।

---

३३ **पारिश्रमिक कर**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाणका आधारमा मिति २०८१।१।२० को निर्णयबाट रकम रु १५००० सम्परीक्षण गरिएको ।)***

---

३४ **अन्य निकायको खर्च**

नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।जुन रकम नपुग भएमा तालुक निकायसंग नै माग गर्नु पर्दछ ।तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो।पालिकाले अन्य निकायबाट संचालन भएको कार्यक्रमको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| गो भौ नं र मिति | कार्यालय | कार्य | रकम |
|---|---|---|---|
| १३२।२०७९।१०।१६ | जिल्ला प्रसाशन कार्यालय | अनुसुचि फाराम बाइन्डिङ | १९३१७३ |
| २३।२०७९।६।१२ | इलाका प्रहरी कार्यालय मंगलटार | इन्धन | २४००० |
| २४।२०७९।६।१२ | इलाका प्रहरी कार्यालय नारायणस्थान | सवारी साधन मर्मत | १०००० |
| २९।२०७९।७।१४ | इलाका प्रहरी कार्यालय नारायणस्थान | सवारी साधन मर्मत | २५०५० |

---

३५ **विज्ञापन पत्रपत्रिका तथा छपाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले विज्ञापन पत्रपत्रिका तथा छपाई शीर्षकमा आ व २०७९।८० मा जम्मा रकम रु १९००००० खर्च गरेको देखिएको छ । यस्तो प्रकृतिको खर्चलाई न्युनीकरण गर्नको लागि

प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन गर्नुका साथै सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ३६ पुर्व प्राथमिक कक्षा अभ्यास पुस्तिका

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ -५_ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण तथा अन्य कागजात संलग्न राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०७९।०९।१९ मा दरभाउ माग गरी २०७९।१०।३ मा भुंडी प्रकाशन प्रा लि वाट ४१ वटा वाल विकास केन्द्रका लागि १०४२ वटा पुस्तक ४८० का दरले पुर्व प्राथमिक कक्षा अभ्यास पुस्तिका खरिद गरी गौ=भौ=न=१८।०७९।१०।०४ वाट वापत भुंडी प्रकाशन प्रा लि लाइ रु५०००००।०० भुक्तानी दिएकोमा लेखापरिक्षणको अवधि सम्म पनि उक्त पुस्तिका वाल विकास केन्द्रमा हस्तान्तरण नभई पालिकाको स्टोरमा नै रहेको देखिएकोले सामानको आवश्यकता भन्दा अगाडि नै गरिएको खरिद नियम संगत देखिएन रु

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

## ३७ टुक्रा खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (९) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य टुक्राएर गर्न नहुने व्यवस्था रहेको छ । त्यसैगरी खरिद योजना र खरिद प्याकेज सम्बन्धमा कार्यलयले खरिद योजना बनाइ आइटम अनुसार प्याकेज बनाई कार्यालयले सामान तथा परामर्श सेवा खरिद गर्नुपर्नेमा सो नगरी पटकै पिच्छे सोझै वा ३ वटा फर्मसँग खुला दररेट लिइ खरिद गरी खर्च गरेको पाइयो ।यसरी खरिद पिच्छे कोटेशन तथा फरक फरक मुल्यमा एउटै सामाग्री खरिद गर्ने कार्यलाई नियन्त्रण गरी पालिकाले प्याकेजिङ र दररेट विधिबाट प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी खरिद प्रक्रिया अगाडि बढाई प्रतिर्पर्धात्मक विधि अवलम्वन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ।

## ३८ संचार महसुल

पालिकाले मिति २०७९।७।१८ मा सुचना प्रकाशन गरी ठेक्का नं TRM/SIN/NCB/GOODS/079-80 वाट Supply, delivery, installation, commissioning and testing of broadband internet services in designated locations of rural Municipality भनि वोलपत्र आव्हान गरी मिति २०७९।०९।०५ मा अल्ट्रानेट कम्युनिकेसन प्रा लिको वोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशन गरेको छ भने पालिकाले वडा तथा पालिकाको इन्टरनेट तथा संचार महसुल भनि मासिक रुपमा अल्ट्रानेट कम्युनिकेशन प्रा लिलाई ४००००।०० -भ्याट वाहेक_ र एरोनेट प्रा लि लाई रु ३००००।०० -भ्याट वाहेक_ भुक्तानी गरेको देखिएकोले यसरी भुक्तानी गएको रकम दोहोरो भयो या भएन भनि यकिन गर्न सकिएन ।

### ३९ असुल

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण तथा अन्य कागजात संलग्न राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले इन्टरनेट महशुल वापत अल्ट्रानेट कम्युनिकेशन प्रा लिलाइगौ.भौ.न.५६वाट सन् २०२२।०८।०१ देखि २०२२।११।०१ सम्म प्रति महिना ४०००० (भ्याट वाहेक) का दरले रु१३५६००।०० र गौ.भौ.न.३६६।०८०।३।१८ वाट ९ महिनाको ३ थान विलवाट भ्याट सहित रु४०६८००।०० भुक्तानी भएकोमा विल नं९९१७ मा सन् २०२३।०५।०१ देखि २०२३।०८।०१ सम्म हुनुपर्ने सन् २०२३।०६।१७ मात्र लेखेको हुदां पुरा अवधिको रकम लिएर किन कम अवधि विलमा लेखेको हो यकिन गर्न नसकिएको हुदाँ दिन गन्ति वमोजिम २०२३।०८।१ सम्म सेवा प्रवाह गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा ४३ दिनको वढि गएको रकम दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,७८६ |

### ४० दोहोरो सुविधा

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाणका आधारमा मिति २०८१।१।२० को निर्णयबाट रकम रु ८४००० सम्परीक्षण गरिएको ।)***

### ४१ कानुनुनी सल्लाहकार

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७६ ले पालिका प्रमुख तथा उपप्रमुख ले कानुनुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको देखिदैन ।पालिकामा १ जना कानुनी सल्लाहकार नियुक्त गरी २०७९ भाद्र देखि मासिक रुपमा जनही २५००० सेवा सुविधा प्रदान गर्दै आएको देखिएकोछ । यसरी ऐन कानुन विपरीत हुने नियुक्त गरेका सल्लाहकार र निजलाई भुक्तानी गरेको तलव भत्ता तथा अन्य सेवा सुविधा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,३५,००० |

### ४२ सुत्केरी स्याहारा भत्ता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४० -३_ बमोजिम नगद तथा आर्थिक सहायता दिनलाइ बजेट पेश गर्दा यथासम्भव लक्ष्य, कार्यक्रम, लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई कसरी वितरण गरिने हो सो स्पष्ट खोलि पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।वडा नं १ मा सुत्केरी स्याहारका लागि २००००० वजेट विनियोजन गरी गौ=भौ=न=३८१।०८०।०३।२१ वाट ३४ जनालाई ५३०० का दरले वितरण गरेको देखिएकोमा सो सम्वन्धि कुनै निर्देशिका तथा कार्यविधि वनाएको

देखिएन । यस्ता खर्चका लागि ऐन तथा कार्यविधिको व्यवस्था गरी सम्वन्धित व्यक्तिको वैंक खातामा दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ४३ प्रशिक्षक भत्ता

प्रशिक्षक भत्ता : आय कर ऐन २०५८ अनुसार पटके आम्दानीमा १५ प्रतिशतका दरले पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।महिला सिप मुलक तालिम उ.स ले संचालन गरेको तालिमको गौ.भौ.नं ३०७।०८०।२।२३ वाट रु३००००० खर्च भएकोमा महिलाहरुलाई डि एम लेडिज एण्ड जेन्स टेलर्स सिलाई तालिम केन्द्रवाट टेलरिङ्ग तालिम दिदाँ प्रशिक्षकलाई प्रशिक्षक भत्ता वापत रु७२०००।०० भुक्तानी भएकोमा १ प्रतिशतका दरले रु७२०मात्र कट्टा भएकोले १५ प्रतिशतका दरले कट्टा गरी दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०८० |

## ४४ अनुत्पादक खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २४ -२_ बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल सुनिश्चित हुने गरी खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण खर्च मा रु५००००० वजेट विनियोजन गरी पालिका अध्यक्ष तथा उपाध्यक्ष सहित कर्मचारीहरु ईलाम लगायतको स्थानमा भ्रमण वापत गौ=भौ=न ३७६।०८०।३।२ वाट रु ५००००० खर्च गरेको देखिन्छ ।अवलोकन तथा भम्रणमा कुन क्षेत्रको कर्मचारीलाई के क्षमता विकास गर्न कुन कार्यक्रम गर्ने हो सो कुरा स्वीकृत नभएको साथै भम्रण जादा कुन क्षेत्रमा के को अध्ययन गर्न जाने हो सो कुराको यकिन नगरिकनै भम्रण भएको र पालिकाको पदाधिकारी तथा कर्मचारी एकैसाथ लामो भ्रमण जादां सेवा प्रवाहमा समेत प्रभाव पर्न सक्ने हुँदा यस्तो अनुत्पादक तथा अप्रभावकारी खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

## ४५ अन्तिम मुल्यांकन भन्दा वढी भुक्तानी

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७८ को नियम ३९ १० मा सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्रे र सो को आधारमा भुक्तानी दिन आकस्मिक वाटो मर्मत तथा सरसफाइ गरेवापत रकम भुक्तानी गर्दा प्राविधिकको अन्तिम मुल्यांकन भन्दा वढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु

| गो भौ नं र मिति | सप्तायर्स | भक्तानी लिने | भुक्तानी हुनु पर्ने रकम | भुक्तानी भएको रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| २।७९।६।२६ | त्रिपुरादेवि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | जनक सिं तामाङ | ६६७७४ | ७७४०५ | १०६३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५।७९।६।१६ | न्यू नेपाल कन्स्ट्रक्सन | न्यू नेपाल कन्स्ट्रक्सन | ६०९६५९ | ६१९६६५ | १०००६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६३७ |

## ४६ बढी भुक्तानी

निम्नानुसारका योजनामा कार्यसम्पन्न मूल्याङकनमा आवश्यक पर्ने सामाग्री भन्दा कम परिमाणमा सामाग्री खरिद गरेको बिल भर्पाई पेश भएकोले बिल भर्पाई भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| गो भौ नै र मिति | उपभोक्ता समिति | चाहिने परिणाम | खरिद बिल | फरक परिणाम | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १७९।२०८०।१।११ | तेमाल विद्यालय निर्माण समिति | २३६६.२८ | २२११.४५ | १५४.८३ | ११३ | १७४९६ |
| २४६।२।१७ | वाङतेन माने व्यवस्थापन तथा गेट निर्माण उपभोक्ता समिति | १३२.२७ | १०६ | २६.४७ | १४१ | ३७३२ |
| ३०१।२०८०।३।१७ | चापाखोरी कुरुवावास सडक स्तरोन्नती | १९५.९ | १११ | ८४ | ९५४ | ८०१३६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,३६४ |

## ४७ पालिका भवनको आँगन निर्माण

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई कार्यसम्पादन प्रतिवेदनको आधारमा जनश्रमदान वापत रकम कट्टी गरी अनुपातिक रुपमा रकम कट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको निर्माण कार्यको रकम उपभोक्ता समितिलाई भुक्तानी दिदा

सम्झौता अनुरुपको लागत साझेदारी अनुपातिक रुपमा कट्टी गरी बाँकी रकम भुक्तानी दिनु पर्नेमा सो नगरी सबै रकम भुक्तानी दिई बढी रकम असुल गरी दाखीला गर्नुपर्ने देखिएको रु

| गो भौ नं र मिति | उपभोक्ता समिति | कार्यसम्पन्न रकम | भुक्तानी हुनु पर्ने रकम | भुक्तानी भएको रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| ४।७९।६।१२ | पालिका भवन आँगन व्यवस्थापन उ स | १५८६१३४।६ | १४१३४०४ | १४४०००० | २६५९६ |

| | असुल गर्नुपर्ने | २६,५९६ |
|---|---|---|

## ४८ चर्च,मन्दिर,सामुदायिक भवन,गुम्बा,मूर्ति तथा सत्तल निर्माण

स्थानिय सरकार सञ्चालन ऐन,संघ तथा प्रदेश सरकारको खर्च मापदण्डले सरकारी रकमको खर्च गर्दा मितव्ययिता अपनाउनुका साथै भविष्यमा आर्थिक सामाजिक तथा वातावरणीय हिसाबले दिगोपना हुने भविष्यमा पुँजीवृद्दि भई आर्थिक विकासमा टेवा पुग्ने खालका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष चर्च,मन्दिर,सामुदायिक भवन,गुम्बा,मूर्ति तथा सत्तल निर्माण जस्ता अनुत्पादक क्षेत्रमा रकम रु ११६६७७०० बराबर खर्च गरेको देखिएकोले आगामी दिनमा यस्ता अनुत्पादक क्षेत्रमा गरिने लगानीलाई न्युनीकरण गरी आवश्यकताको पहिचानका आधारमा भविष्यमा पुँजी वृद्दि गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ४९ बढी दरमा भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद तथा निर्माण कार्य सुरु गर्नु अगावै लागत अनुमान तयार गर्नुपर्ने तथा लागत अनानम तयार गर्दा स्वीकृत नम्स र प्रचलित जिल्ला दररेट लाई आधार मानि तयार गर्नु पर्ने र सोही आधारमा कार्यसम्पन्न पश्चात भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पधैंरोदेखि पालिका जाने सडक सम्म सोलिङ गर्ने कामको लागत अनुमानमा स्वीकृत दर रु २१७६ भएकोमा कार्य सम्पन्न पश्चतात भुक्तानी दिने क्रममा रु २४२९ का दरले भुक्तानि दिएको हुँदा कार्यसम्पन १५९।५९ को बढी दर रु २५३ ले हुन आउने रकम रु ४०२७५ उपभोक्ता समितिलाई बढी भुक्तानी भएको हुँदा उक्त रकम असुल गर्नुपर्ने रु

| | असुल गर्नुपर्ने | ४०,२२७ |
|---|---|---|

## ५० उपभोक्ता समितिलाई भुक्तानी

उपभोक्ता समितिलाई भुक्तानीः सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाका उपभोक्ता समिति तर्फका फाईल नमुना परीक्षण गर्दा निम्नानुसारका उपभोक्ता समितिको कार्यसम्पन्नमा भएको कामबमोजिमको सामाग्रीमा लाग्ने मूल्य अभिवृद्दि कर भन्दा बढी रकमको मूल्यअभिवृद्दिका बिल पेश भई सोही बमोजिम भुक्तानी भएको देखिएकेले उक्त बिलहरुबाट भुक्तानी भएको भ्याट रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु

| गो भौ नं र मिति | उपभोक्ता समिति | रकम |
|---|---|---|
| २५८।२०८०।२।२२ | त्रियानि गुम्बा निर्माण उपभोक्ता समिति | ६४८३ |
| २७१।२०८०।२।२५ | वडा नं ५ को वडा भवन निर्माण समिति | ४३३८ |
| ३६९।२०८०।३।२४ | वडा भवन निर्माण समिति | ११३७३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,१९४ |

## ५१ पिँउडाडा भोज्याङटार चारपाटे सडक स्तरोन्नी उ स

पिँउडाडा भोज्याङटार चारपाटे सडक स्तरोन्नी गर्ने कार्यमा ३४२.०७ घन मिटर ग्रावेल विच्छाएको कार्य सम्पन्न मूल्याङकनले देखाएको हुँदा उक्त कार्य सम्पन्न बराबर को उपभोक्ता समितिले ग्रावेल खरिद गरिद गरेको बिल संलग्न नभएकोले खरिद नै नगरिएको ग्रावेल कसरी प्रयोग गरियो सो को एकिन गर्न नसकिएको हुँदा सम्वब्धित उपभोक्ता समितिलाई ले ग्रावेल खरिद गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८८,००० |

## ५२ निर्माण व्यवसायिबाट कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ ।उपभोक्ताले लागत अनुमानको १० प्रतिशतसम्म व्यहोर्ने गरी सम्झौता गरी पालिकाले आव २०७९।८० मा सञ्चालित सडक मर्मत तथा स्तरोन्नती गर्ने योजनामा भुक्तानी भएको अधिकांश योजनाको कार्य निर्माण व्यवसायिबाट गराएको देखिएको छ, जसबाट नेपाल सरकारलाई प्राप्त हुने मूल्य अभिवृद्धि कर छुट हुनुका साथै लागत अनुमानकै हाराहारीमा उपभोक्ता समितिलाई कार्यदिश दिदा

प्रतिस्पर्धात्मक प्रकृयाबाट बिमुख हुने स्थितीको सिर्जना भएको देखिन्छ । जसले गर्दा पालिकालाई थप व्यभार परेको देखिन्छ।

केही उदाहरण निम्न अनुसार छन्ः

| गो भौ नं र मिति | उपभोक्ता समिति | खर्च रकम | निर्माण व्यवसायि | भुक्तानी रकम |
|---|---|---|---|---|
| २३४।२०८०।२।११ | मैनालाङ चोपटार पाथरटार सडक मर्मत उपभोक्ता समिति | १९१४०१ | माउणट एक्साभेटर विल्डर्स एण्ड सप्लायर्स | ९००६१ |
| २४०।२०८०।२।६ | सिमलचौर खेल मैदान निर्माण उ स | ४६०७६१ | लामाखोर कन्ट्रक्सन एण्ड सप्लायर्स | २६७२४५ |
| ३०१।२०८०।३।७ | चापाखोरी कुरुवावास सडक स्तरोन्नती | १४४०००० | पायोनियर कन्सल्टेन्सि | ५६६८०८ |
| २०१।२०७९।११।२५ | पिँउडाडा भोर्ज्याङटार सडक स्तरोन्नती | २८८००० | नवआर्दश निर्माण सेवा | १५४१३२ |

## ५३ नर्स्स भन्दा बढी भुक्तानी

सडक विभागको नर्म्स 29.19.b अनुसार प्रति घण्टा मेसिन चल्नको लागि प्रति घण्टा ९.८ लिटर डिजेलको खपत हुने कुरा नर्म्समा उल्लेख गरीएको छ । साथै ।एक्साभेटरले माटो खन्ने कार्यको लागि जिल्ला दररेट को मुल्य प्रति घण्टा रु ३७६० रहेको छ । पालिकाले यस योजनामा प्रयोग भएको एक्साभेटर को प्रति घण्टा रु ५५०० का दरले भुक्तानी दिएको देखिएको छ उपभोक्ता समितिले पेश गरेको बिल भरपाईमा एक्साभेटर ४० घण्टा चलेको र प्रति घण्टा ५५०० का दरले भुक्तानी दिएको देखिएको छ । यसरी तोकिएको दररेट भन्दा बढी दरमा भुक्तानी भएको दर ले हुन आउने रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,६०० |

## ५४ निर्माण कार्यको विमा

सार्वजनिक खरिद नियमावलीको नियम २०६४ को नियम ११२ मा निर्माण व्यवसायिले निर्माण कार्य मालसामान र कामदारको कार्यप्रारम्भ मितिदेखि त्रुटि सच्याउने म्यादबाट१ महिना सम्मको लागि विमा गराउनु पर्ने व्यवस्था रहेको छ।पालिकामा सञ्चालित २० लाख भन्दा माथिका कुनै पनि योजनामा विमा गरेको नदेखिएकोले बिमा गराउनुपर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ५५ तामाङ संग्राहालय

उक्त आयोजनाका लागि आ व २०८०।८१ मा बजेट विनियोजन नभएको।डि पि आर (२०७६।७७ को दररेट अनुसार ) बमोजिम कुल लागत रु भएको तथा वहुवर्षीय प्रकृतिको उक्त आयोजनाका लागि श्रोत सुनिश्चितताको पहल नगरी वार्षिक बजेटका आधारमा लागत अनुमान तयार गरी ठेक्का लगाउँदा पछिल्लो आ व मा बजेट व्यवस्थापन नभई निर्माण कार्य अलपत्र पर्ने अवस्था देखिएको छ । यसरी एकै संरचनाको केही अंश एक व्यवसायीले तथा बाँकि अंश अर्को व्यवसायीले सम्पन्न गर्दा निर्माण कार्य पूरा हुँदासम्ममा केही समस्या देखिएमा निर्माण व्यवसायीलाई जवाफदेही बनाउन नसकिने भई राज्यको लगानी जोखिममा पर्ने प्रबल संभावना हुने हुनाले यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ । योजनाको विवरण २०७६।७७ डि पि आर तयारी रु ४६४६००। निर्माणका लागि विनियोजित रकम विपत् व्यवस्थापन कोष खातामा ट्रान्सफर रु १५०००००। २०७७।७८ विनियोजन नै नभएको २०७८।७९ कालिका निर्माण सेवा रु ७२१५९८९। २०७९।८० नारायणस्थान निर्माण सेवा रु १४४०५५१३। २०८०।८१ विनियोजन नै नभएको

## ५६ गुणस्तर परिक्षण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निमायले आपूर्ती गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।स्थानिय तहले निर्माण व्यवसायि तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण गरेको पाइएन ।यस तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ५७ मूल्य अभिवृद्दि कर

आर्थिक ऐन,२०७९ को व्यवस्था भएवमोजिम कुनै सरकारी कार्यालयले भ्याटमा दर्ता भएको फर्मसंग ठेक्का वा सम्झौता गरी कार्य गराउँदा उक्त फर्मलाई भुक्तानी गर्ने मुल्य अभिबृद्धि करको ७० प्रतिशत मात्र भुक्तानी गरी बाँकी ३० प्रतिशत रकम स्वयंम कार्यालयबाट नै कर कार्यालायमा दाखिला हुने गरी सम्झौता गरी कार्य गर्नुपर्नेमा पालिकाले निम्न पाटीलाई भुक्तानी दिदां १०० प्रतिशत भ्याट भुक्तानी दिएकोले उक्त मुल्य अभिबृद्धि करको समायोजन विवरण पेश गर्नुपर्ने रु

| सि. न . | भौ. नं .र मिति | भुक्तानी पाउनेको नाम | विवरण | भ्याट रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १ | ३५५।०८०।०३।२३ | ॐ निर्माण सेवा ६०२७२७५२३ | रोशि खोला पुल मर्मत | ५३०७७ | १५९२३ |
| २ | ५१५।०७९।०६।२० | नैन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. ६०९६९०८६२ | साङ्गछेन नोर्बु तागतेन लिङ्ग गुम्बाको डि.पि.आर | २२०८८ | ६६२६ |
| ३ | १२१।०७९।१२।०२ | तिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ६०५९१९२५१ | गुरुरेम्पोछे संरक्षण रोसाईबा निर्माण | ६५२६९ | १९५८० |
| ४ | ११८।०७९।११।३० | आर.एस.डी.कन्सर्न प्रा.लि. ६०४३४३२०६ | प्राबिधिक शाखाबाट खरिद भएका सामाग्रीको भुक्तानी | ८९४४० | २६८३२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,९६१ |

## ५८ श्रोत सुनिश्चितता

आयोजना सम्पन्न गर्न लाग्ने अवधि समयावधि तथा लागत आधारमा बार्षिक लक्ष्य निर्धाण गरी आवश्यक श्रोतको सुनिश्चितता पश्चात आयोजना सञ्चालन गर्नुपर्ने व्यस्था रहेको छ । कार्यालय अन्तर्गत सञ्चालित अधिकाँश आयोजना सम्पन्न हुन लाग्ने अवधि कुल लागत तथा वर्षिक लक्ष्य निर्धारण एंव बजेट विनियोजन बिच सामन्जस्यता रहेको देखिएन । तसर्थ योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा योजनाबाट तोकिएको समयमा अपेक्षित लाग्ने लाभ लागतको विश्लेषण गरी प्रतिफल केन्द्रित योजना सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ५९ परामर्श सेवा

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायले अफ्नो निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसंगको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा कुनै व्यक्ती फर्म संस्था वा कम्पनी बाट सेवा खरीद गर्न सक्ने

व्यवस्था रहेको छ । परामर्शदाता बाट प्राप्त रिर्पोट तथा प्रतिवेदन निकायका सम्पति हुने हुँनाले दाखिला गरी राख्नु पर्दछ ।

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु ३१००२५२ भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | सम्झौता रकम रु. | खरिद विधि |
|---|---|---|---|---|
| १ | श्री मणिकपुर लामागाउँ देच्छेलिङ गुम्वा डिपिआर | नैन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | २१४०८० | आर ए पि विधि |
| २ | त्रिरत्न मैत्री गुम्वा डिपिआर | नैन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १९९६९९ | |
| ३ | छाप डाडा च्यानडाडा वडा कार्यालयआहालडाँडा चापाखोरी सडक डिपिआर | नैन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ४९७८६६ | |
| ४ | यारी नाग तोमसुङकुण्ड ध्यान केन्द्र | लसकुस ईन्जिनियरिङ | १८६४५० | |
| ५ | तिनपिप्ले थिलवार छापडाडा कोकाम सिचाई | लसकुस ईन्जिनियरिङ | १८७५८० | |
| ६ | व्लेन्दे बगर र चुखा वेशि वगर IEE | प्लाटफर्म ईजिनियरिङ/ वीन ईन्जिनियरिङ | ५८९५७७ | |
| ७ | जग्गा वर्गिकरण | ड्रिम हाउस ईन्जिनियरिङ सोलुसन प्रा.लि. | ५५०००० | |
| ८ | तित्रीटार पानीघाट नेपालथोक जोड्ने झोलुङ्गेपुल डिपिआर | इभरीन कन्सल्ट प्रा.लि. | २९२००० | |
| ९ | धनसार डिपिआर | इभरीन कन्सल्ट प्रा.लि. | १९१००० | |
| १० | साङ्गछेन नोर्बु ताग्तेन लिङ्ग गुम्बा डि.पि.आर | नैन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १९२००० | |
| | **जम्मा** | | ३१००२५२ | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष डिपिआर लगायतका कार्यमा सोझै खरिद विधिबाट १० वटा सेवा खरिदका लागि जम्मा सम्झौता अनुसार रु ३१००२५२ भुक्तानी गरेको छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ६० निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ३४३ | ११ | ८८३७६०८६ | ३३२ | ९५०००००० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३४३ योजनामा मध्ये ठेक्का मार्फत ११ वटा योजनामा रु 88376086 खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३३२ वटा योजनामा रु ९५०००००० गरेको छ । अर्थात योजनामा भएको खर्च मध्ये ३.२५ प्रतिशत ठेक्का प्रक्रिया ९६.२५ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ६१ ठेक्का व्यवस्थापन

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | १२ | ८८३७६०८६ | ० | | २ | २४९५९३५० | १० | ६३४१६७३६ | | |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू ८८३७६०८६ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु. ०, दोश्रो चौमासिकमा रु. २४९५९३५० र तेश्रो चौमासिकमा रु ६३४१६७३६ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा कुनैपनि ठेक्का सम्पन्न नभएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

## ६२ तेमाल प्रस्तावित रंगशाला

तेमाल प्रस्तावित रंगशाला, चापाखोरी, तेमाल वडा नं ७ सार्वजनिक निकायले खरिदका लागि गरेको सम्झौतामा उल्लेख भए बमोजिम सम्झौताका पक्षहरुले कार्य गर्नुपर्दछ ।सम्झौता अस्पष्ट र अधुरो हुनु हुँदैन ।यस तेमाल प्रस्तावित रंगशाला निर्माण आयोजनाका लागि आ व २०७९।८० मा प्रदेशबाट प्राप्त समपूरक अनुदान तथा आन्तरिक श्रोततर्फको गरी जम्मा रु विनियोजन भएकोमा साइट क्लियरेन्स अन्तर्गत राधाकृष्ण माध्यमिक विद्यालयको कम्पाउण्ड वाल तथा प्रवेश द्वार सार्ने कार्य तथा रंगशालाको प्यारापिटको लागि फाउण्डेशन निर्माण गरी प्लिन्थ लेभलसम्मको कार्य गर्ने गरी मू अ करसमेत लागत अनुमान रु १,७५,३३,३६९। कायम गरी ठेक्का आह्वान गरेको देखिन्छ । तथापि स्कोप अफ वर्क्समा यो विषय स्पष्ट उल्लेख गरेको देखिएन ।सम्झौताको Scope of Works तथा Drawings मा ठेक्काको काम स्पष्ट उल्लेख हुनुपर्दछ । डि पि आर (२०७७।७८ को दररेट) बमोजिम कुल लागत रु २२ करोड ६६ लाख ७५ हजार भएको तथा वहुवर्षीय प्रकृतिको उक्त आयोजनाका लागि चालु आ व २०८०।८१ मा बजेट विनियोजन नभएको जानकारी प्राप्त भएको छ।श्रोत सुनिश्चितताको पहल नगरी वार्षिक बजेटका आधारमा लागत अनुमान तयार गरी ठेक्का लगाउँदा पछिल्लो आ व मा बजेट व्यवस्थापन नभई निर्माण कार्य अलपत्र पर्ने अवस्था देखिएको छ । श्रोतको पूर्ण सुनिश्चितता बेगर यसरी एकै संरचनाको केही अंश एक व्यवसायीले तथा बाँकि अंश अर्को व्यवसायीले सम्पन्न गर्ने गरी सालबसाली फरक फरक ठेक्का मार्फत काम गर्दा निर्माण कार्य अधुरो हुने तथा पूरा भएमा पनि सम्पन्न भईसक्दासम्ममा केही समस्या देखिएमा अघिल्लो कार्यको DLP समाप्त भईसक्ने र पछिल्लो निर्माण कार्यमा पनि अघिल्लो निर्माणको गुणस्तर लगायतका समस्याले प्रभाव पार्न सक्ने हुनाले जवाफदेही बनाउन नसकिने र राज्यको लगानी जोखिममा पर्ने प्रबलस्थलगत अवलोकनका क्रममा RCC को बिम तथा कोलममा Honeycombs आई भित्रको डण्डी समेत देखिएको अवस्थामा DLP अवधि कायम रहेकोले निर्माण व्यवसायीलाई सुधार गर्न लगाउनुपर्ने देखिएको । संभावना हुन्छ ।यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

स्थलगत अवलोकनका क्रममा RCC को बिम तथा कोलममा Honeycombs आई भित्रको डण्डी समेत देखिएको अवस्थामा DLP अवधि कायम रहेकोले निर्माण व्यवसायीलाई सुधार गर्न लगाउनुपर्ने देखिएको



बिड डकुमेन्टमा उल्लेख गर्न नहुने कार्यालय प्रयोजनका लागि मात्र रहनुपर्ने नोट्सहरु पनि उल्लेख गरी ठेक्का आह्वान तथा जारी गरेको । योजनाको विवरण २०७७।७८ डि पि आर रु 976४५१। २०७८।७९ विनियोजन नै नभएको २०७९।८० राहुल कन्स्ट्रक्शन रु १२२४४९७४। २०८०।८१ विनियोजन नै नभएको

---

६३ **ह्युम पाइप**

***........... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा फरक रेट भएकोले बढी भुक्तानी भएको भनिएकोमा खन्ने पुर्ने कार्यको समेत रेट जोडि रकम भुक्तानी भएको प्रमाणका आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रकम रु ४५३४५ सम्परीक्षण गरिएको ।)***

---

६४ **आन्तरिक लेखापरिक्षण बाट देखिएका व्यहोरा**

---

६४.१ प्रमाणः

***........... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु को सक्कल बिल पेश भएका प्रमाणका आधारमा मिति २०८१।१।२० को निर्णयबाट रकम रु ५८९५७७ सम्परीक्षण गरिएको ।)***

---

६४.२ भौ. न. १० २०७९/०७/१७ परिक्षा व्यावस्थापन शिर्षक अन्तरगत रु.२९६४१३ खर्च लेखिएकोमा बनेपा प्रिन्टर्स को कर वापतको रकममा कर कट्टी गर्नुपर्ने कर वापत रु. ६१५२ रहेकोमा भुक्तानीको समयमा रु.

३१५० मात्र कर कट्टी गरि भुक्तानि दिईएको हुदाँ वाकि रकम वापतको रकम असुल गरि कर दाखिला गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३,००२ |

६४.३ प्रमाण पेशः

*.......... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बहस पैरवी गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रकम रु १५००० सम्परीक्षण गरिएको ।)*

६४.४ बहालकरः गो.भौ.नं. 88- 2079/11/14 वडा नं. ७ को खत्रि डाडाँ सडक मर्मत उ.स.लाई सडक निर्माण वापतको रकम भुक्तानी गर्दा वाहलकर वापतको रकम कट्टी नगरेको हुदा उक्त कर कट्टी वापको रकम असुल उपर गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ७,८०० |

## ६५ शिक्षा तर्फ

६५.१ सामाजिक परिक्षणः विद्यालयले एक शैक्षिक सत्र भित्र आफुले सञ्चालन गरेका क्रियाकलापहरुको सामाजिक परिक्षण गराई सम्बन्धित निकायमा त्यसको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका निम्नानुसारका विद्यालयहरुले सामाजिक परिक्षण प्रतिवेदन पेश नगरेको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने रु

| क स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | भूपालेश्वर प्राथमिक विद्यालय | १०००० |
| २ | बुद्द किरण आधारभूत विद्यालय | १०००० |

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा श्री*** मल्लकी देवी प्राथमिक विद्यालय, पञ्चकन्या माध्यमिक विद्यालय,नव जागरण प्राथमिक विद्यालय र राधाकृष्ण माध्यमिक विद्यालयले सामाजिक परिक्षण

प्रतिवेदन पेश गरेको ***प्रमाणका आधारमा मिति २०८१।१।२० को निर्णयबाट रकम रु ४०००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

६५.२ शिक्षक विद्यार्थि अनुपात - संघीय व्यवस्था अनुसार विद्यार्थि शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| ९ | | शिक्षकसंख्या | | | विद्यार्थि संख्या | शिक्षक विद्यार्थि अनुपात |
|---|---|---|---|---|---|---|
| क्र.स. | विद्यालयकोनाम | प्रा.वि. | नि. मा.वि. | मा.वि. | शै.स.२०८० | |
| १ | जनचेतना मा. वि.तेमाल, १ | ७ | ४ | ६ | २४८ | १४.५९ |
| २ | मल्लवीदेवी प्रा. वि.तेमाल ,१ | २ | | | ३१ | १५.५ |
| ३ | भूपालेश्वर प्रा. वि.तेमाल,१ | २ | | | १९ | ९.५ |
| ४ | पञ्चकन्या आ.वि.तेमाल,१ | ६ | १ | | ६० | ८.५ |
| ५ | नव जागरण प्रा. वि.तेमाल ,१ | १ | | | १८ | १८ |
| ६ | सिम भञ्याङ प्रा.वि.तेमाल १ | २ | | | २३ | ११.५ |
| ७ | सर्वोद्वार मा. वि.तेमाल ,२ | ७ | ३ | १ | १८६ | १६.९० |
| ८ | सरस्वती प्रा. वि.तेमाल ,२ | १ | | | १५ | १५ |
| ९ | बालकल्याण प्रा. वि.तेमाल ,२ | ४ | | | ३१ | ७.७५ |
| १० | जनउध्दार प्रा. वि.तेमाल ,२ | २ | | | २१ | १०.५ |
| ११ | सुनकोशि प्रा. वि.तेमाल ,२ | ४ | | | ४९ | १२.२५ |
| १२ | भूमे मा. वि. तेमाल ,३ | ६ | ३ | ४ | १७१ | १३.१५ |
| १३ | कालिदेवी प्रा. वि.तेमाल ,३ | ४ | | | ३६ | ९ |
| १४ | तेमाल मा. वि. तेमाल ,४ | ७ | ३ | २ | १३३ | ११ |
| १५ | कालिका आ. वि. तेमाल ,४ | ४ | ३ | | ६३ | ९ |
| १६ | दोर्जेघ्याङ प्रा. वि.तेमाल,४ | ३ | | | ३५ | ११.६७ |
| १७ | नारायणस्थान मा. वि.तेमाल ,५ | ६ | ४ | ६ | २३६ | |
| १८ | हिमालय प्रा. वि.तेमाल ,५ | ३ | | | २० | ६.६७ |
| १९ | महाकाली प्रा. वि.तेमाल ,५ | २ | | | १२ | ६ |
| २० | नारायणस्थान आ. वि.तेमाल ,५ | ५ | ४ | | ७३ | ८.११ |
| २१ | हिमचुली प्रा. वि.तेमाल ,५ | १ | | | ६ | ६ |
| २२ | सरस्वती प्रा. वि.तेमाल ,५ | २ | | | २५ | १२.५ |
| २३ | पञ्चकन्या मा.वि.तेमाल,६ | ५ | ४ | ६ | २१५ | ११.९४ |
| २४ | बुद्धकोल्तोङ प्रा.वि. तेमाल ,६ | २ | | | २० | १० |
| २५ | सुनाकन्या प्रा. वि.तेमाल ,६ | २ | | | १७ | ८.५ |
| २६ | निर्मला प्रा. वि.तेमाल ,६ | ४ | | | ३९ | ९.७५ |
| २७ | कालीदेवी प्रा. वि.तेमाल ,६ | २ | | | ११ | ५.५ |
| २८ | माहांकाल आ. वि. तेमाल ,६ | ५ | २ | | ६० | ८.५ |
| २९ | राधाकृष्ण मा. वि.तेमाल ,७ | ८ | २ | १ | १४५ | १२ |
| ३० | भूमेश्वर आ. वि. तेमाल ,७ | ६ | ३ | | ८६ | ९.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | खड्केश्वरी प्रा. वि.तेमाल,७ | २ | | | १७ | ८.५ |
| ३२ | कालीदेवी प्रा. वि.तेमाल ,७ | १ | | | ९ | ९ |
| ३३ | जनज्योती मा. वि.तेमाल ,८ | ८ | २ | १ | १५५ | १४ |
| ३४ | सेतीदेवी मा. वि.तेमाल ,८ | ६ | १ | | १११ | १५.८५१ |
| ३५ | सनमान आ. वि. तेमाल ,८ | ६ | | | ९१ | १५१ |
| ३६ | शिवशक्ति प्रा. वि.तेमाल ,८ | २ | | | २० | १० |
| ३७ | कुशेश्वर मा. वि.तेमाल ,९ | ६ | ३ | ७ | २७१ | १६.९३ |
| ३८ | कालीदेवि प्रगतिशिलप्रा.वि. -९ | २ | | | | ० |
| ३९ | बुद्धकिरण आ. वि.तेमाल ,९ | ४ | ० | | १०९ | २७.२५ |
| ४० | महाकाली प्रा. वि.तेमाल ,9 | २ | | | | ० |
| ४१ | विजुलीकन्या आ. वि.तेमाल,९ | ३ | २ | | ५८ | ११.६ |
| | | १५७ | ४४ | ३७ | २९४५ | १२.३७ |

उपरोक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात१२.३७ रहेको छ ।

---

६५.३ विद्यालय र विधार्थी संख्या - पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| **क्र.सं.** | **विद्यालयको किसिम** | **विद्यालय संख्या** | **विधार्थी संख्या** |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३९ | २९४५ |
| **जम्मा** | | ३९ | २९४५ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या २९४५ रहेकोमा १०० प्रतिशत सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

---

६५.४ पाठ्यपुस्तकः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।८०को बुँदा नं ३(१) मा प्रति विद्यार्थी लागत का आधारमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान को व्यवस्था गरेको छ । सोको लागत रकम पाठ्यक्रम विकास केन्द्र को दररेट अनुसार हुने कुरा उल्लेख छ । पालिकाले यस बर्ष जम्मा ३७ वटा विद्यालयलाई पाठ्यपुस्तकको रकम निकासा गरेकोमा सो मध्ये केहि विद्यालयको नमूना परीक्षण गर्दा बढी निकासा भएको देखिएको छ । उक्त विषयमा पालिका स्वयमले नै एकिन गरी बढी निकासा भएको रकम असुल गर्नु पर्ने रु

| क स | विद्यालयको नाम | बढी निकासा रकम |
|---|---|---|
| १ | जनचेतना माध्यमिक विद्यालय | १२३३४ |
| २ | पञ्चकन्या आधारभूत विद्यालय | ३४९१ |
| ३ | सर्वोद्धार माध्यमिक विद्यालय | १०२५८ |
| ४ | बालकल्याण प्रा वि | ३६५९ |
| ५ | जनउद्दार प्रा वि | १८९६ |
| ६ | भूमे मा वि | ९६९५ |
| ७ | कालिदेवि प्रा वि | १५०९ |
| ८ | तेमाल मा वि | १९५८४ |
| ९ | कालिका आ वि | ११०८ |
| १० | नारायणस्थान मावि | २८०८९ |
| ११ | महाकालि प्रावि | १२६३ |
| १२ | सरस्वती प्रा वि | ११९० |
| १३ | पञ्चकन्या मा वि | ९७३६ |
| १४ | महाँकाल आ वि | ५१६० |
| १५ | राधाकृष्ण मा वि | १५८३ |
| १६ | भूमेश्वर आ वि | २०७९ |

| | | |
|---|---|---|
| १७ | कालिदेवि प्र वि | १८३० |
| १८ | सेतिदेवि मा वि | ५४७० |
| १९ | शिवशक्ति प्रा वि | १२९४ |
| २० | कुशेश्वर मा वि | १८७३२ |
| २१ | बिजुली कन्या आ वि | ३३०७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४३,२६७ |

६५.५ एक शिक्षण संस्था एक उद्यम कार्यक्रमः पालिका अन्तर्गतको श्री राधाकृष्ण माध्यामिक विद्यालयमा एक शिक्षण संस्था एक उद्यम कार्यक्रमः सञ्चालन गर्नको लागि संघिय सरकारबाट विनियोजित रकम रु ५२५००० निकासा गरेको देखिएको छ ।उक्त रकमबाट विद्यालयले गरिब तथा दलित विद्यार्थिलाई १४ वटा बाख्रा खरिद गरी वितरण गरेको देखिएको छ। सञ्चालन गरेको उद्यमबाट खर्च तथा आम्दानी को तुलनात्मक रुपमा लाभ लागत विश्लेषण गरी सोको उपयोगको सम्बन्धमा प्रभावकारी व्यवस्थापन गर्न तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

६५.६ सम्झौता विपरित भुक्तानीः विद्यालय IT Lab व्यवस्थापन सुद्दढिकरण एवं Digital Liabrary व्यवस्थापनको लागि भुवनेश्वर आ वि तेमाल, सनमान आ वि र Trade Pedia ग्रुप प्रा लि विच सम्झौताको शर्त नं ३ मा सामान गाडी जाने स्थानसम्म कम्पनिले पुर्याउनु पर्ने भन्ने भएता पनि गाडी नं २ ०१ ००६२४ १५०० वाट काठमान्डौ कुपन्डोलवाट विद्यालयसम्म ICT Lab का सामग्री ढुवानीवापत ४५०० का दरले राम वहादुर तामाङलाई निम्न आ वि का प्र अ वाट भुक्तानी गरेको छ । यसरी सम्झौता विपरीत भएको रकम रु असुल गर्नु पर्ने रु

| गो भौ न र मिति | विद्यालय | रकम (कर वाहेक) |
|---|---|---|
| १०।८०।२।९ | भुवनेश्वर आ वि | ४१०० |
| १२।८०।२।२२ | सनमान आ वि | ४१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,२०० |

६५.७ लेखापरीक्षण प्रतिवेदनः विद्यालयहरुले एक आर्थिक बर्षमा आफ्नो आम्दानी तथा खर्चको लेखापरीक्षण गर्नु पर्ने व्यव्स्था रहेको छ ।पालिका अन्रतगतका निम्नानुसारका विद्यालयहरुले आर्थिक बर्ष २०७९।८० को अन्त्य सम्म पनि लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले सोको प्रतिवेदन पेश गर्नु पर्ने रु

| क स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | पञ्चकन्या आधारभूत विद्यालय १ | १५००० |
| २ | सर्वोद्धार माध्यामिक विद्यालय २ | १५००० |
| ३ | भूमे माध्यमिक विद्यालय ३ | १५००० |
| ४ | दोर्जे ध्याङ प्राथमिक विद्यालय ४ | १५००० |
| ५ | महाकाली प्राथमिक विद्यालय ५ | १५००० |
| ६ | नारायणस्थान आधारभूत विद्यालय ५ | १५००० |
| ७ | भूमेश्वर आधारभूत विद्यालय ७ | १५००० |
| ८ | कुशेश्वर माध्यामिक विद्यालय ९ | १५००० |
| ९ | आधारभूत विद्यालय ९ | १५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,००० |

६५.८ छात्रवृत्ति रकमः कार्यक्रम कायर्यान्वयन पुस्तिका २०७९।८० मा सम्पूर्ण छात्राहरुलाई ४०० को दरले दलित छात्रलाई रु ४०० को दरले अपाङग तथा अतिसिमान्तकृत समुदायका बालवालिकालाई रु ५०० का दरले आई इ एम आई एस वा सत्यापन मध्ये जुन डाटामा विद्यार्थीसंख्या कम छ त्यसैका आधारमा विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । निम्नानुसारका विद्यालय मा IMES मा प्रविष्टि भएका छात्रा संख्या भन्दा बढी छात्र छात्रालाई भुक्तानी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| क स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | नारायणस्थान माध्यमिक विद्यालय | ४००० |
| २ | सर्वोद्धार माध्यमिक विद्यालय | ५२०० |
| ३ | भूमे माध्यमिक विद्यालय | १००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

६५.९ सेनेटरी प्याडः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु तथा आवश्यकतानुसार अन्य कक्षाका छात्रालाई निशुल्क सेनेटरी प्याड व्यबस्थापनका कोटेशन विधिमार्फत हलेसि मेडिसिन सप्लायर्सबाट १५३०० थान प्रतिथान रु ५९.८९ का दरले खरिद गरि रु ९१६३१७ भुक्तानि गरेको छ । खरिद गरेका सेनेटरी प्याड मध्ये १०३२ वटा प्याड विद्यालयलाई हस्तान्तरण गरेको छ भने बााकी प्याड स्यानीटरी प्याड लेखापरीक्षण अबधि सम्म पनि वितरण गरेको पाइएन । वितरण नगरी राखेको सामाग्री कुन कुन विद्यालयलाइ कतिमात्रामा किनिएको हो माग आवश्यकता सहितको लागत अनुमान स्वीकृत गरेको पाइएन। खरिद भएका स्यानीटरी प्याड गोदाममा मौज्दात रहेको पालिकाले जनाएको छ । यस सम्बन्धमा रहेका व्यहोराहरु

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार नगरेको ।
- सेनेटरी प्याड को लागि आवश्यक पर्ने स्पेशिफिकेशन तयार नगरेको ।
- विद्यालयहरुबाट माग फाराम भरि वास्तविक आवश्यक संख्या आकलन गरेको नगरेको ।
- प्रतिस्पर्धात्मक विधि अवलम्वन नगरी सिधै खरिद गरेको ।
- खरिद गरिएका प्याड गुणस्तरीय भए नभएको सम्बन्धमा एकिन गर्न ल्याब टेस्ट गरेको नगरेको ।
- नमूना परिक्षण गर्दा सेनेटरी प्याड मा आवश्यक पर्ने एबजर्विङ क्यापासिटी तोकिएको मापदण्ड अनुरुप नभएको ।

---

६५.१० प्रति विद्यार्थी लागत —पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट ररकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| संघीय सरकारबाट हस्तान्तरित | ७७३००० | १३७१६४००० | ३२३९ | ४५९४२ |
| प्रदेश सरकारबाट हस्तान्तरित | ५६८००० | ० | | |
| स्थानीय तहको बजेट | १६५००००० | ११६४०००० | | |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | १७८४१००० | १४८८०४००० | | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु ४३६१३ रहेको छ ।

६५.११ शैक्षिक गुणस्तरः पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा ... विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | २ | - | २ | - | - |
| २ | ३.२१ - ३.६० | २४० | | २१७ | - | ९०.७९ |
| | | २४० | | २१७ | - | ९०.७९ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने २ विधार्थी मध्ये २ जना, ३.२१ - ३.६० जिपिए ल्याउने २४० विधार्थी मध्ये २४० जना नै सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ ।

## ६६ प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार जनतालाई निर्वाहमुखिको १०० दिन सम्म बर्षभरीमा रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो ।पालिकाले आ व २०७९।८० मा निम्नानुसारका १५ वटा कार्यक्रम सञ्चालन गरी जम्मा खर्च रु ५३८६००० गर्नुका साथै न्युनतम २७ दिन र अधिकतम १०० दिन सम्म को रोजगारी सिर्जना गरेको देखिएको छ ।

| क्र.स | योजनाको नाम | लागत अनुमान | खर्च | श्रमिक |
|---|---|---|---|---|
| १ | थपल्ले पधेरा कृष्णमन्दिर सिमलको बोट | ४४५५७१ | २१५०४० | ७ |
| २ | कोटतेमाल लौखानीछापडाँडा वडा कार्यालय सडक (क) | ३८५७१० | ३८०८०० | ६ |
| ३ | कोटतेमाल लौखानीछापडाँडा वडा कार्यालय सडक (ख) | ४८५५९१.१६ | ४८५४४० | ८ |
| ४ | दलानटोल पधेरोदेखिपालिका जाने सडकसम्म सोलिङ | ३३३६११.०५ | २०३२००. | ६ |
| ५ | कालीदेवी प्रा.विघेराबार | ७१४७५.६ | ७१३६० | ४ |
| ६ | फोइडाँडा लामाखोला डोरखोला गोरेटो बाटो निर्माण | १२८६५६.८१ | १२४८०० | ४ |
| ७ | चम्चे टोल देखि पधेरोटोल सम्म गोरेटो बाटो निर्माण | ५८३४५३.७२ | ५८३०४० | १० |
| ८ | पिन्दोङ डाँडा देखिकुण्डुवाल जोड्ने सडक सोलिङ निर्माण | ३१७१६५.२५ | ३०७२०० | ५ |
| ९ | धारछेम जाने गोरेटोबाटो निर्माण | २५५५३७.८८ | २५५३६० | ६ |
| १० | गोठटोल पकुवाल बुद्धपार्क सिडी निर्माण | २७९३०१.३८ | २७९०४०. | ८ |
| ११ | छत्रे डाँडा गौथलीपहरामा गएको पहिरोमा रोकथामको लागि ग्यबिन वाल निर्माण | १०३१८० | १०३०४० | ७ |
| १२ | विद्यालय पहिरोव्यवस्थापन तेमाल ६- महाँकाल आ.वि | २८३५६२.६२ | २८३५२० | ६ |
| १३ | भूमेश्वर नि.मा.वि.छाना तथा आँगन मर्मत | १०९०९०.२५ | १०८८०० | ३ |

| | | | | |
|---|---|---|---|---|
| १४ | वडा साविक धुल्खुचापाखोरी कुरुवास सडक मर्मत | ३९८९२९.८४ | ३८४०००. | ६ |
| १५ | विद्यालय निर्माणतेमाल-९ | ४६३६९२.७४ | ५१२०००5 | ९ |
| | जम्मा | ४६४४५२९ | ४२९६६४० | ९५ |

## ६७ कृषि तथा पशुसेवा कार्यक्रम

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि कृषि पकेट कार्यक्रम,कृषि कार्यक्रममा तथा पशुसेवा कार्यक्रममा अनुदान दिई रु ६१०८७२५ खर्च गरेको छ तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनु पर्दछ।

| क्र.स. | खर्च शिर्षक | बजेट रु. | कार्यक्रम बिबरण | कैफियत |
|---|---|---|---|---|
| १ | ५०% अनुदानमा मिनिटिलर बितरण | रु. १००००००\- पालिकाको र सोहि बराबरको रकम कृषकबाट संकलन | ४७ वटा ७ एच पि को मिनिटिलर बितरण | ५ वटा कृषि सहकारी, ७ वटा कृषक समूह, ४ वटा कृषि फर्म र ३१ जना व्यबसायिक कृषकलाई बितरण गरिएको |
| २ | ५०% अनुदानमा ईलेक्ट्रिक स्प्रेयर पम्प बितरण | रु. २०००००\- पालिकाको र सोही बराबरको रकम किसान बाट संकलन | ८५ वटा ईलेक्ट्रिक स्प्रे पम्प बितरण | १७ वटा कृषि सहकारी, १४ वटा कृषक समूह, ४ वटा कृषि फर्म र ५० जना व्यबसायिक कृषकलाई बितरण गरिएको |
| ३ | ५०% अनुदानमा प्लास्टिक टनेल बितरण | रु. ३०००००\- पालिकाको र सो बराबर रकम किसान बाट संकन | ९५ वटा प्लास्टिक टनेल बितरण | ३ वटा सहकारी २ वटा कृषि फर्म र १२ जना व्यबसायिक कृषकलाई बितरण गरिएको |
| ४ | तरकारी मिनिकिट बितरण | रु. ५०००००\- | हिउदे तरकारी (रायो, मुला, धनिया, गान्टेमुला) को कमपोजिट मिनिकिट बितरण | ९ बटै वडाका ३८०० किसान लाई बितरण गरिएको |
| ५ | किसान सूचीकरण | रु. ३०००००\- | किसान सूचीकरण कार्यक्रम संचालन | वडा न १,२,४ र ५ का किसानहरुको सम्पूर्ण बिबरण संकलन |
| ६ | विषादी खरिद तथा बाली संरक्षण | रु ५०००००\- | बिभिन्न किटनाशक र ढुसीनाशक बिषादी खरिद गरि निःशुल्क बितरण | बिभिन्न वडाका किसानहरुलाई मकैको फौजी किरा, धानको फड्के किरा,आलुमा लाग्ने डडुवा नियन्त्रणकोलागि निशुल्क बितरण |
| ७ | आ व २०७९\८० मा नयाँ आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन | रु. १२०००००\- पालिकाको र त्यति नै रकम समुह र सहकारीले खर्च गरि जम्मा रु. २४०००००\- | यान्त्रिकरण, आलु बिउ खरिद, बिषादी तथा मल खरिद, तालिम र क्षेत्र बिस्तार कार्यक्रम संचालन | फुलबारी तरकारी बिउ उत्पादक कृषि सहकारी लाई रु.१२०००००\- अनुदान उपलब्ध गराइएको |

| | | | | |
|---|---|---|---|---|
| ८ | खायन आलु उत्पादन कार्यक्रम | रु १५५००००\- मध्ये रु ५०८७२५\- खर्च भएको | सिंचाई पूर्बधार निर्माण र आलु खेती | ठूलो पर्सेल कृषक समूहलाई उपलब्ध गराइएको |
| | पशुपन्छीको परिजिवि नियन्त्रणको लागि औषधि खरिद | रु.७००००० | गाउँपालिकाको वडा नं.१देखि ९ सम्म पशुपन्छी पालक कृषकहरुलाई निःशुलक औषधि बितरण गरिएको। | लाभान्मित कृषक सं.१७३५ जना,<br>उपचार गरिएको पशुपन्छीको जम्मा सं.८५३८, गाई र भैसिं सं. २५३१, भे.बा सं. ७४४१, बंगुर सं.२४३ पन्छी सं.४५०९ कुकुर सं. ३५ |
| | पशुपन्छीको खोप कार्यक्रम | रु.१०००००।- | गाउँपालिकाको वडा नं. १, २, ७ मा PPR रोग बिरुद्ध खोप लगाए वापत प्रति dose रु.१० का दरले पशु प्राविधिकलाई पारिश्रमिक दिएको। | गाउँपालिकाको वडा नं. १, २, ७ मा PPR रोग बिरुद्ध ९९९५ dose खोपलगाईयो। |
| | पशुपन्छीको रोग नियन्त्रणको लागि औषधि खरिद | रु.७००००० | गाउँपालिकाको वडा नं.१देखि ९ सम्म पशुपन्छी पालक कृषकहरुलाई निःशुलक औषधि बितरण गरिएको। | लाभान्मित कृषक सं.१८०८ जना,<br>उपचार गरिएको पशुपन्छीको जम्मा सं.९३०७, गाई र भैसिं सं. २४२४, भे.बा सं. ५६६६ बंगुर सं.२०७ पन्छी सं.५३९६ कुकुर सं. ३० |
| | बाखापालन प्रवर्द्धन कार्यक्रम तेमाल-५ | रु.१०००००।- | गिम्दी बाखा पालन समुह तेमाल-५ लाई प्रदान गरिएको।रु. १००००० मध्ये रु.९०२७७६ मात्र खर्च भएको। | परियोजना क्रियाकलाप<br>खोर निर्माण-२०, माउ बाखा खरिद-२०, घाँस खेति तथा आहारा ब्यवस्थापन, ७५%बोयर बोका खरिद-२, पानी ट्याङ्कि र पाईप -२०, तौल मेसिन-१,औषधि -परिजिवि नियन्त्रण_ |
| जम्मा खर्च | | ६१०८७२५ | | |

नोटः कृषि सहकारी र कृषक समूहलाई हस्तान्तरण भएका कृषि मेसिनरी र औजार सहकारी र समूहका सदस्यलाई बितरण भएको।

## ६८ प्रविधि हस्तान्तरण

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ,उक्त प्रविधि हस्तान्तरण कार्यमा लाभग्रहीले कुल मुल्यको २० प्रतिशत बराबर को रकम मा सहभागिता गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष ४ वटा समूहलाई र रकम रु ५२७००० बराबरको प्रविधि हस्तान्तरण गरेकोमा लागत सहभागिताको हिस्सा पुष्टि गर्ने प्रमाणहरु पेश हुन नआएकोले रु १०५४०० बराबरको लाभग्राहीको हिस्सा पुष्टिहुने प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०५,४०० |

## ६९ गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष ६ वटा सिपमूलक तालिम सञ्चालन गरी रकम रु ११२६७२० खर्च गरेको देखिएको छ तर उत्पादित सामान वा वस्तुहरु विक्रि गरी राजस्व दाखिला गर्ने तथा विक्रि नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएकोले पालिकाको यस तर्फ ध्यान जानु जरुरी देखिन्छ ।

---

७० **अनुगमन भत्ता**

संघीय शर्सत कार्यक्रम, गोष्ठि र तालिमहरुमा अनुगमन गरेको भत्ता पाउने व्यवस्था गरेको देखिंदैन । पालिका नमुना परीक्षण गर्दा निम्नानुसार भौ.नं. र मितिबाट विभिन्न कार्यक्रमको अनुगमन गरेको भनी निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई रु.१,०००।का दरले अनुगमन भत्ता भुक्तानी गरेकोले नियम विपरितको भत्ता रकम असुल गर्नुपर्ने रु.

| गो भौ नं र मिति | कार्यक्रमको नाम | अनुगमन कर्ता | रकम करबाहेक |
|---|---|---|---|
| १४७।१।१३ | घटना दर्ता सम्बन्धी शिविर | दलमान थोकर लगायत ५ जना | १२७५० |
| ९७।२०७९।२८ | लैगिक हिंसा सम्बन्धी अन्तरक्रिया कार्यक्रम | केदारप्रसाद ढकाल लगायत ३ जना | ७६५० |
| ६९।२०७९।१०।२८ | स्वयमसेविका दिवस तथा गोष्ठी | शिवहरी पाठक लगायत ८ जना | ६८०० |
| १४०।२०८०।१।१४ | पालिकास्तरीय अन्तिम परिक्षा | चन्द्र बहादुर तामाङ लगायत १० जना | ३४००० |
| २३४।२०८०।३।१८ | किसान सूचीकरण कार्यक्रम | केदारप्रसाद ढकाल लगायत ५ जना | १२७५० |

| | | | |
|---|---|---|---|
| २५६।२०८०।२३ | उद्यम विकास कार्यक्रम | केदारप्रसाद ढकाल लगायत ८ जना | ६१२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,१५० |

७१ **स्वास्थ्य तर्फः**

७१.१ स्वास्थ्य शाखाको भण्डारमा आगलागिः मिति २०८०।८।२८ गतेको दिन दिउँसो १ बजेको समयमा तेमाल गाँउपालिका वडा नं ५ अवस्थित ५ नं वडा कार्यालय र स्वास्थ्य शाखाको भण्डारण रहेको घरमा विद्युतिय करेन्ट सर्ट भई आगालागि हुँदा इ सि जि मेसिन थान १, डेण्टल सेट थान १, इम्प्लान्ट सेट थान २, ENT मेसिन थान २, तौल मेसिन थान ५, वि पि सेट थान ४ ,भिडियो एक्सरे मेसिन थान १, नेबुलाईजर मेसिन थान ४, अक्सिजन कन्सल्टेन्ट थान १, ल्यापटप थान २,डेक्सटप कम्प्युटर थान १, मोवाइल फोन थान ४, प्रिन्टर थान २ लगायत का स्वास्थ्य सामाग्री तथा उपकरणका साथै कार्यालय प्रयोजनका लागि प्रयोग भएका फर्निचर र मसलन्दका सामाग्री र आ व २०७९।८० मा खरिद गरिएका जनतालाई निशुल्क रुपमा वितरण गर्नका लागि आवश्यक पर्ने ९८ प्रकारका औषधि वितरण गरि बाँकी रहेका र अन्य सामाग्री गरी रु ३८००००० बरावरको धनमाल आगालागिबाट क्षति भएको विवरण प्रहरी चौकी पोखरी नारायणस्थान काभ्रेपलाञ्चोक बाट खटिई आएको प्रहरी टोलिको मुचुल्काबाट देखिएको हुँदा के कति मात्रामा धनमालको क्षति भएको हो सो कुराको एकिन गर्न सकिएन । निम्न विषय स्पस्ट नभएको

- क्षति भएका उपकरण औषधि ल्यापटपहरु कुन मितिमा खरिद गरी भण्डारण भएको ।

- मेशीनरी उपकरणहरु जडान गरी प्रयोग नगर्नुको कारण त्यस्तै ५ शैय्याको अस्पताल सञ्चालनको पुर्वाधार तय नहुदै रु ९९९०५५ उपकरण खरिद गरी भण्डारण गर्नुपर्नाको कारण स्पस्ट नभएको ।

- मालसामानको मूल्य अनुसारको क्षति नखुलाएको

- आर्थिक वर्ष अन्त भएको ५ महिनासम्म पनि औषधिहरु वितरण नगरी भण्डारण गर्नुपर्नाको कारण ।

७१.२ औषधि खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले उक्त प्रक्रियावेगर विभिन्न गोश्वार भौचर

र मितिबाट सोझै तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गरी रु. ३५३५१०२ को औषधि, भनी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

• आधारभुत स्वास्थ्य सेवामा आधारित स्तरिय उपचार पद्धति ( स्टयान्डर्ड ट्रिटमेन्ट प्रोटोकल ) अनुसार आधारभुत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला र प्रादेशिक अस्पतालबाट ९८ प्रकारका औषधि २४ सै घन्टा निःशुल्क उपलव्ध हुनुपर्ने व्यवस्था रहेको छ । त्यसैगरि विभाग,मन्त्रालय तथा जिल्ला स्थित जनस्वास्थ्य कार्यालय लगायत तालुक निकायबाट पनि निःशुल्क वितरणका लागि औषधि तथा औषधिजन्य सामाग्री पालिकाहरुलाई हस्तान्तरण गरेको पाइयो । पालिकाहरुले यसरी प्राप्त गरेका कतिपय औषधिको अभिलेख अद्यावधिक नराखेकोले यस आ.व. मा के कति औषधि प्राप्ती तथा खरिद भयो, के कति वितरण गरियो साथै मौज्दातको रेकर्ड सोही अनुसार नभएकोले यकिन गर्न सक्ने अवस्था रहेन ।

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधि डव्लु एच ओ सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

- औषधिको भण्डारण र सो लाई व्यवस्थित गर्नको लागि आवश्यक पर्ने न्यूनतम परिणाम अधिकतम परिमाण र औषत परिमाण लाई व्यवस्थित गरी माग सम्बोधन नगरी सुरुमा भन्दा बर्षको अन्यमा बढी रकमको औषधी खरिद गर्नुपर्नाको कारण,

- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

---

७१ स्वास्थ्य चौकी धारा मर्मतः

.३

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा* प्राविधिक नापजाँच सहितको मूल्याङ्कन र सोको आधारमा भुक्तानी भएको प्रमाण पेश *भएको प्रमाणका आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रकम रु ३४६७९ सम्परीक्षण गरिएको ।)*

---

७१.४ इम्प्लान्ट तालिमः मिति २०२०७९।१२।३ देखि १० सम्म काठमाण्डौ डल्लुमा सञ्चालित इम्प्लान्ट तालिम कार्यक्रममा सहभागि संख्या ५ जना सहित अन्य अनुगमन कर्ता ५ जना लाई दैनिक भ्रमण भत्ता का साथै कार्यक्रम पूर्व तयारी तथा समापन बैठकको भत्ता समेत भुक्तानी भएको देखिएको छ । सहभागि तथा अनुगमन कर्तालाई तेमाल पालिकादेखि काठमाण्डौ सम्म ल्याउनको लागि गाडि धनि श्री पुष्कर क्षेत्री संग सम्झौता गरी रु १४००० भुक्तानी गरेकोमा यसरी दैनिक भ्रमण र यातायात सुविधामा दोहोरो भुक्तानी भएको रकम कार्यक्रम सञ्चालकबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,००० |

# अनुगमन लेखापरीक्षण

७२

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.– मध्ये रु – फस्यौंट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक** को २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १९०८१५००० | ७६९९५७ | ८३४४६६६ | ० | २६३७९१३१ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको वडा नं १ मा संचालन भएको हेन्जेन दोर्जे कम्पनी प्रा.लि ( खानी तथा क्रसर उद्योग) ले नियमानुसार वुझाउनु पर्ने रोयल्टी वापतको रकम मध्ये २०७९ पुष महिनासम्मको छुट रोयल्टी तथा जरीवाना वापतको रकम रु८७,८५,१९८।०० गौ.भौ.नं२७,३७ र ६५ वाट आम्दानी बांधीएको देखिन्छ भने ०७९ पुष देखि असार सम्म कति रोयल्टी वुझाउन वाकी हो सो को विवरण तथा रकम प्राप्त भएको नदेखिएको हुँदा नियम बमोजिम रोयल्टी तथा जरिवाना सम्वन्धमा यकिन गरी वाँकि रकम दाखिला गर्नुपर्ने । | 0.00 |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक , तेमाल गाउँपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Pawan Kumar Pyakurel | २०८०-९-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुर्य प्रसाद त्रिपाठी | २०७८-८-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५,१६१,५२७ | १,५३१,००० | १,३४१,९३८ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | १८,०३४,४६५ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | | | | | ९,६८९,७९९ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ८,३४४,६६६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३४९६४८८८.७७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३२४१९०००.६ | **चालु खर्च** | २९९०३७२२५.७२ |
| **प्रदेश सरकारबाट अनुदान** | ५०४६७००० | **पूँजीगत खर्च** | १६१३०४९०३.९२ |
| **राजश्व बाँडफाँट** | ८३५१५६८९.५८ | **वित्तीय/अन्य व्यवस्था** | १६७०७४९५५.५३ |
| **आन्तरिक आय** | २६९३९७१७.१९ | | |
| **अन्य आय** | १४१७४७८०२.०३ | | |
| **कुल आय** | ६३५०८९२०९.४ | **कुल खर्च** | ६२७४१७०८५.१७ |
| **बाँकी मौज्दात** | | ४२६३७०१३ | |